# जातीय विभेद :
# न्यायका लागि पहल



**Asian Human Rights Commission**
**Asian Legal Resource Centre**

G/F, 52 Princess Margaret Road
Ho Man Tin, Kowloon, Hong Kong
Tel: +(852) 2698 6339, Fax: +(852) 2698 6367
Email: nepal@ahrc.asia

# जातीय विभेद : न्यायका लागि पहल

## हाते पुस्तिका

एसियाली मानवअधिकार आयोग

एसियाली कानुन स्रोत केन्द्र

**जातीय विभेद : न्यायका लागि पहल**

हाते पुस्तिका

प्रकाशकः

एसियाली मानवअधिकार आयोग
एसियाली कानुन स्रोत केन्द्र

भुईंतला, ५२, प्रिन्सेस मार्गरेट रोड

हो मा तीन, काउलुन, हंगकंग

फोनः +५८२-२६९८-६३३९,

फ्याक्सः +५८२-२६९८-६३६७

सर्वाधिकारः एसियाली मानवअधिकार आयोग
एसियाली कानुन स्रोत केन्द्र

सम्पादकः प्रकाश मोहरा

अनुसन्धानः शिवहरि ज्ञवाली

लेआउटः रमेश दाहाल

संस्करणः दोस्रो, वि.सं. २०७५ (५०० प्रति)

**द्रष्टव्यः** यो पुस्तिकाको पुनः प्रकाशनका लागि गभर्नेन्स फ्यासीलीटीको आर्थिक सहयोग रहेको छ । तर, प्रस्तुत तथ्य तथा तथ्यांक र विचारहरूले प्रकाशक संस्था तथा गभर्नेन्स फ्यासीलीटीको आधिकारिक धारणाको प्रतिनिधित्व गर्दैनन् ।

# भूमिका

छोटो समयमै परिमार्जनसहित यो पुस्तिकाको दोस्रो संस्करण प्रकाशन गर्न पाउँदा हामीलाई अत्यन्तै खुसी लागेको छ । दक्षिण एसियामै जातीय भेदभाव तथा छुवाछूत मुख्य समस्याको रूपमा रहेको छ । विगतदेखि जातीय भेदभाव तथा छुवाछूत अन्त्यका लागि यस क्षेत्रमा भएका पहलहरू अझै प्रभावकारी हुन सकेका छैनन् ।

नेपालका सबै नागरिकहरूलाई समानता, स्वतन्त्रता र आत्मसम्मान जस्ता मानवअधिकारका मूलभूत विषयहरू नेपालको संविधान, २०७२, राष्ट्रिय कानुनहरू तथा नेपालपक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका छन् । यद्यपि, अझै पनि जातीय विभेदका आधारमा राज्यपक्ष

वा गैरराज्यपक्षबाट दलित समुदायलाई आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको उपयोगबाट बञ्चित गरिनु पक्कै पनि मानवीय सभ्यताको उपहास हो ।

२०६२ र ०६३को जनआन्दोलनपछि गणतान्त्रिक सरकारले व्यवस्थापिका संसदबाट, २०६८ जेठमा जातीय विभेद तथा छुवाछूत (सजाए र कसुर) ऐन, २०६८ पारित गरी लागू गरेको थियो । तथापि, सामाजिक, साँस्कृतिक, धार्मिकलगायत आस्थाका कारण हुने विभेदजन्य घटनामा कमी आउन सकेका छैनन् । जातीय आधारमा कुटपीट, लुटपाट, अपमान र हत्याजस्ता अपराध भइरहेका छन् । पीडितले विद्यमान ऐनअनुसार न्याए पाएका घटना विरलै छन् । जातीय विभेदसम्बन्धी घटना दर्ता गराउँदा गाली बेइज्यती जस्तो कमजोर मुद्दा बनाएर दर्ता गरिन्छ । यसले एकातिर पीडितले न्याय पाउने सम्भावना टरेको र अर्कोतिर विद्यमान ऐनबारे आम रूपमा जानकारी हुन नसकेको देखिन्छ । ऐनका विषयमा सरोकारवाला निकायहरू प्रहरी, स्थानीय प्रसासन र वकिलहरू

समेत बेखबर रहेको घटना अध्ययनबाट देखिन्छ भने आम सुमदाय छुवाछूतलाई नियतिको रूपमा बुझ्दै अन्यायबीच बाँच्न बाध्य छन् ।

बदलिँदो राजनीतिक परिवेशमा पनि दलित समुदायले बाँचिरहेको जीवनमा खास अन्तर छैन । जातीय आधारमा हुने विभेदको अन्त्य गर्नु र मान्छे मान्छेको रूपमा बाँच्न पाउने नैसर्गिक अधिकार स्थापित गर्नका लागि दलित समुदायका मुद्दालाई बहसमा ल्याउन, उनीहरूमाथि भइरहेका अन्याय, अत्याचार, शोषण, दमनहरूलाई आमजनता तथा सम्बन्धित निकायसमक्ष पुऱ्याउनु आजको आवश्यकता हो ।

एसियाली मानवअधिकार आयोग र एसियाली कानुनी स्रोत केन्द्र स्थापना कालदेखि एसियाली मुलुकहरूमा मानवअधिकारको संरक्षण र संवर्द्धन तथा जातीय विभेदविरूद्ध महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यससम्बन्धमा सरकार, नागरिक समाज, मानवअधिकारकर्मी, सरोकारवाला एवम् आम समुदायलाई जानकारी दिने तथा सुसूचित गर्ने उद्देश्यले

यो हाते पुस्तिका प्रकाशन गरिएको हो । हाते पुस्तिका लेखन तथा सम्पादनमा अहोरात्र खटिनुहुने एसियाली मानवअधिकार आयोग तथा एसियाली कानुनी स्रोत केन्द्रका नेपाल डेक्स प्रमुख प्रकाश मोहरा र शिवहरि ज्ञवालीलाई हार्दिक आभार व्यक्त गर्दछौं । यसका साथै पुस्तिका तयारीका लागि सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी सङ्घ, संस्था तथा व्यक्तित्वहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

प्रस्तुत पुस्तिका जातीय भेदभाव तथा छुवाछूतलाई बुझ्न र पीडित समुदायलाई न्याय दिलाउनका लागि सहयोग पुऱ्याउने छ भन्ने विश्वास गरिएको छ ।

-एसियाली मानवअधिकार आयोग/एसियाली
कानुनी स्रोत केन्द्र

# विषयसूची


**अध्याय १ : मानवअधिकार** ९

१.१ परिचय ९

१.२ मानवअधिकार र राज्यको दायित्व १३

१.३ मानवअधिकार संरक्षणका लागि राष्ट्रिय उपाय १६

१.४ मानवअधिकार संरक्षणमा संस्थागत संरचना ३१

१.५ मानवअधिकार उल्लङ्घनको उपचार ३६

**अध्याय २ : दलित मानवअधिकारको अवस्था** ४१

२.१ जनसांख्यिक अवस्थाः ४१

२.२ शैक्षिक अवस्थाः ४४

२.३ भूमिमाथिको पहूँच : ४५

२.४ गरिबी : ४७

२.५ जीविकोपार्जन र रोजगारी : ४७

२.६ परम्परागत पेशा र सीपः ४८
२.७ खाद्य अधिकार : ४९
२.८ स्वास्थ्य तथा सरसफाइमा पहूँच : ५०
२.९ बजेट विनियोजन तथा स्रोतहरूमाथि पहूँच : ५२
२.१० अविभेद तथा समानता : ५३
२.११ प्रतिनिधित्व तथा सहभागिताः ५६
**अध्याय ३ :सूचना संकलन तथा घटना अभिलेखीकरण** ६१
३.१ सवाल वा विषयवस्तुको पहिचान : ६२
३. २. लक्षित वर्गको पहिचान : ६३
३.३ घटना अध्ययनको प्रभावः- ६३
३.४ घटना अध्ययनको तयारी ६६
३.५ व्यवहारिक ज्ञान ७१
**अनुसूची १:** दलित सवालमा सक्रिय कानुन व्यवसायीहरू ८१
सन्दर्भ सामग्री ८३

# अध्याय १
# मानवअधिकार

## १.१ परिचय

मानवअधिकारको विश्वव्यापि घोषणाको धारा १ ले सबै मानिस जन्मदै स्वतन्त्र हुन्छन् र उनीहरूको मान-मर्यादा (प्रतिष्ठा) र अधिकार उपभोग गर्नेमा समान हुन्छन् भनेको छ ।[१] राष्ट्रिय मानवअधिकार ऐन, २०६८अनुसार "मानवअधिकार" भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्छ र सो शब्दले नेपाल पक्ष भएको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकार समेतलाई जनाउँछ ।[२]

---

१ Universal Declaration of Human Rights, 1948, Article 2.

२ दफा २ (च), राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०६८ ।

मानवअधिकारको इतिहास मानव सभ्यता जत्तिकै पुरानो छ । जङ्गली सभ्यताबाट परिवार, समाज र राष्ट्र हुँदै विकसित मानव जातिको नैसर्गिक अधिकारको अवधारणा सन् १२१५ मा जारी भएको 'म्याग्र्नकार्टा'को माध्यमबाट सुरुवात भएको पाइन्छ । त्यसपछि सन् १७८९ को 'मानिसका अधिकारसम्बन्धी फ्रान्सेली घोषणा' र सोही ताकाको अमेरिकन 'बिल अफ राइट्स्' र सन् १८६४ को 'युद्धसम्बन्धी जेनेभा महासन्धि'ले मानवअधिकारको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याए ।[३]

सन् १९३९ देखि १९४५ सम्म भएको दोस्रो विश्व युद्धमा जनधनको ठूलो क्षति हुनुका साथै मानवअधिकारको व्यापक उल्लङ्घन भयो । यसैबीच २४ अक्टुवर १९४५ मा विश्वमा शान्तिको स्थापना गर्ने, मैत्री सम्बन्ध कायम गराउने, राष्ट्र–राष्ट्रबीच आर्थिक, सामाजिक, सांस्कृतिक विकास आदान प्रदान गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसङ्घको विधिवत स्थापना भयो । र, राष्ट्रसङ्घको बडापत्रले मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको विकासका लागि आधारभूमि तय गरिदियो । त्यसपछि १० डिसेम्बर १९४८ का दिन संयुक्त राष्ट्रसङ्घको महासभाले

३ विद्यालय शिक्षकहरूका लागि मानवअधिकार स्रोत पुस्तिका, राष्ट्रिय मानवअधिकार आयोग, काठमाडौं, २०७० ।

'मानवअधिकारको विश्वव्यापिघोषणापत्र' जारी गरेपछि विश्वमा मानवअधिकारको संस्थागत विकासको सुरुवात भयो *(सेलर्ड २०६८ : ४)* ।

राष्ट्रसङ्घको पहलमा मानवअधिकारका विविध पक्षलाई समेट्ने गरी समय-समयमा विभिन्न दस्तावेजहरू जारी हुँदै आएका छन् । त्यस्ता दस्तावेजहरूमध्ये मानवअधिकारको विश्वव्यापिघोषणापत्र, १९४८, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ ले मानवअधिकारका समग्र पक्षलाई सम्बोधन गरेका छन् । त्यसैले यी दस्तावेजहरूलाई सामूहिक रूपमा 'इन्टरनेशनल बिल अफ ह्युमन राइट्स' पनि भनिन्छ ।[४]

सबै नागरिकले समानरूपमा उपयोग गर्ने अधिकार भएकोले मानवअधिकार सर्वव्यापी र समान छ । मानवअधिकारलाई छुट्याउन वा विभाजन गर्ने नसकिने भएकोले यो अविभाज्य छ । सबै मानवअधिकार एकअर्काका परिपूरक र अन्तर्सम्बन्धित छन् । शान्ति, स्वतन्त्रता,

---

४ The International Bill of Human Rights, Fact Sheet No. 2 (Rev.1), Page-3. http://www.ohchr.org/Documents/Publications/FactSheet2Rev.1en.pdf, Accessed on 1/18/2017

न्याय र समानता मानवअधिकारका आधारभूत अË हुन् । मानवअधिकारको सवाललाई अझ व्यापक बनाउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय र पछिल्लो पटक मानवअधिकार परिषद्को स्थापना र विकास गरेको छ ।[५] त्यसैगरी संयुक्त राष्ट्रसङ्घअन्तर्गत नै अनेकन 'सन्धिगत अनुगमन निकाय' र संस्थागत संरचनाहरू पनि स्थापना भएका छन् ।[६] अन्तर्राष्ट्रिय न्यायालयको स्थापना र क्षेत्रीय स्तरमा मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि भएका प्रयासहरूले पनि मानवअधिकारको समग्र विकासमा मद्दत पुऱ्याएको छ ।

मानवअधिकारको विकासकै सिलसिलामा मानवअधिकारलाई पहिलो पुस्ता, दोस्रो पुस्ता र तेस्रो पुस्ताको मानवअधिकार भनी वर्गीकरण गर्ने गरिएको छ । विज्ञहरूले पहिलो पुस्तामा नागरिक तथा राजनीतिक अधिकार, दोस्रो पुस्तामा आर्थिक, सामाजिक तथा साँस्कृतिक

---

५ United Nations General Assembly Resolution No.60/251, 2006.

६ The United Nations Human Rights Treaty System, An Introduction to the Core Human Rights Treaties and the Treaty Bodies, Fact Sheet, No. 30, page 15-16.

अधिकार र तेस्रो पुस्तामा सामूहिक अधिकारलाई राख्ने गरेका छन् । हाल आएर मानवअधिकारको चौथो पुस्ताको रूपमा वातावरणीय अधिकारलाई लिन थालिएको छ ।

## १.२ मानवअधिकार र राज्यको दायित्व

'भियना कन्भेन्सन'[७]अनुसार कुनै पक्षराष्ट्र कुनै अन्तर्राष्ट्रिय अनुबन्धको पक्ष बनेपछि उक्त अनुबन्धका व्यवस्था कार्यान्वयनगर्न बाध्य हुन्छ । आफू पक्ष बनेको अनुबन्धले सिर्जना गरेका दायित्वहरू निर्वाह गर्न र त्यस्तो अनुबन्धका व्यवस्थाहरूकार्यान्वयनगर्नका लागि राज्यले घरेलु उपायहरू अवलम्बन गरेको हुनु पर्छ ।

नेपालले मानवअधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा हस्ताक्षर गरी अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्नो प्रतिवद्धता जनाएको छ । हाल नेपाल विभिन्न २४ अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू तथा प्रतिज्ञापत्रहरूको पक्षराष्ट्र भइसकेको छ *(श्रेष्ठ र अरू २०६८)* ।

७ Vienna Convention on the law of treaties, Article 3, Concluded at Vienna on 23 May 1969, https://treaties.un.org/doc/Publication/UNTS/Volume%201155/volume-1155-I-18232-English.pdf, Accessed on 1/18/2017.

नेपाल सन्धि ऐन, २०४७ को दफा ९ (१) अनुसार नेपाल पक्ष भएका सबै सन्धि, अभिसन्धि, सम्झौताहरूमा उल्लेख भएका प्रावधानहरूको परिपालन गर्ने गराउने दायित्व नेपाल सरकारको रहेको छ । उक्त ऐनमा नेपाल पक्ष भएका सबै सन्धिहरू नेपालको राष्ट्रिय कानुनसरह हुने तथा राष्ट्रिय कानुन र त्यस्ता सन्धिहरू परस्पर बाझिएमा सन्धिको प्रावधान लागू हुने व्यवस्था गरेको छ । कानुनअनुसार ती प्रावधानहरूकार्यान्वयन गर्ने गराउने सन्दर्भमा आवश्यक कार्यविधि तयार गर्ने, कानुनहरूको निर्माण, संशोधन गर्नुपर्ने नेपालको दायित्व हो ।

**सम्मान गर्ने दायित्व :** मानवअधिकारप्रति सम्मान व्यक्त गर्दै ती अधिकारको उपभोगको सुनिश्चित गर्ने दायित्व राज्यमा रहन्छ । नागरिकले उपभोग गर्ने मानवअधिकारमाथि राज्यले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा हस्तक्षेप गर्दैन । उदाहरणका लागि राज्यले स्वेच्छाचारीरूपमा विद्यालय, अस्पताल वा अन्य यस्तै सामाजिक सेवामूलक संस्थाहरू बन्द गर्नु वा उपयुक्त कानुनी प्रक्रिया विना कसैलाई जबर्जस्ती ऊ बसोवास गरेको स्थानबाट हटाउनु हुँदैन ।

**संरक्षण गर्ने दायित्व :** नागरिकहरूका लागि मानवअधिकारको निर्वाध उपभोगको सुनिश्चितता

गर्दै प्रभावकारी नियमन तथा उपचार विधिमार्फत् ती अधिकारको उपभोगमा हस्तक्षेप नहुने कुराको सुनिश्चितता गर्ने दायित्व राज्यको हो । राज्यले नागरिकहरूका लागि मानवअधिकारको निर्वाध उपभोगको सुनिश्चितता गरेको हुनु पर्छ । कुनै व्यक्ति, संस्था, प्रतिष्ठान वा अन्य गैरराज्य पक्ष जस्ता तेस्रो पक्षहरू द्वारा हुने मानवअधिकारको दुरूपयोग वा त्यसको दुरूत्साहन हुन नदिने, यदि त्यस्तो भएको पाइएमा त्यसको अनुसन्धान गर्ने, त्यस्तो कार्यमा संलग्नलाई सजाय दिने तथा त्यसबाट भएको हानीका लागि पीडितलाई न्याय तथा क्षतिपूर्ति प्रदान गर्ने कुराको राज्यले सुनिश्चितता गर्नु पर्छ । उदाहरणका लागि राज्यले कुनै रोजगारदाताको कामदारप्रतिको व्यवहार तथा ती प्रतिष्ठानले कामदारलाई प्रदान गरेका सुविधा र सेवाहरूको पर्याप्तता तथा उपयुक्तताको नियमन र अनुगमन गरेको हुनु पर्छ ।

**पूरा गर्ने दायित्व :** मानवअधिकारको प्रवर्द्धन गर्न, मानवअधिकार उपभोगको पहूँचलाई सहज बनाउने र कुनै कारणवस कुनै व्यक्ति वा समूहले मानवअधिकारको उपभोग गर्ने नसक्ने अवस्था सिर्जना भएमा राज्य आफैँले ती अधिकारको प्रवाहका लागि आवश्यक सेवाहरू प्रदान गर्ने राज्यको दायित्व हुन्छ । यस किसिमको दायित्वबाट विशेष

गरी सीमान्तीकृत वर्ग तथा जोखिमपूर्ण अवस्थामा रहेका समूह तथा समुदायहरूलाई लाभ मिल्छ । उदाहरणका लागि बृद्धबृद्धा, अपाङ्गता भएका वा अशक्त व्यक्ति, एकल महिला आदिका लागि सामाजिक सुरक्षालाई लिन सकिन्छ ।

## १.३ मानवअधिकार संरक्षणका लागि राष्ट्रिय उपाय

**नेपालको संविधान २०७२ :** वि.सं. २०७२ भाद्र २९ गते तत्कालीन संविधानसभाबाट पारित भई असोज १ मा सभामुखबाट प्रमाणीकरण भएपछि वि.सं. २०७२ असोज ३ गतेका दिनदेखि विधिवत रूपमा 'नेपालको संविधान' लागू भएको छ । संविधानमा प्रस्तावनासहित ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् । संविधानको प्रस्तावनाले नै 'एकात्मक राज्यव्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य, समानुपातिक समावेशी शासन व्यवस्था र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य'को परिकल्पना गरको छ । यो संविधानले लोकतान्त्रिक गणतन्त्र र संघीयतालाई संस्थागत गरेको छ भने धर्मनिरपेक्षता, संसदीय शासन प्रणाली, सामाजिक न्याय, सकारात्मक विभेद (आरक्षण) र समानुपातिक प्रतिनिधित्वको आधारभूत मान्यतालाई स्थापित गरेको छ ।

नेपालको संविधानले अन्य मौलिक हकका अलवा छुवाछूत तथा भेदभाव विरूद्धको हक र दलितको हकलाई मौलिक हकको रूपमा स्वीकार गरेको छ । त्यस्तै सामाजिक न्यायको हक (धारा ४२)ले सामाजिक रूपले पछाडि परेका महिला, दलितलगायतका समूहहरूका लागि समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुने व्यवस्था गरेको छ । संविधानअनुसार दलित समुदाय लक्षित मुख्य व्यवस्था निम्नानुसार छन्ः-

**छुवाछूत तथा भेदभाव विरूद्धको हक (धारा २४) :** यो हक अन्तर्गतकुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा निजी तथा सार्वजनिक स्थानमा छुवाछूत वा भेदभाव गरिने छैन । यो हकले वस्तु, सेवा वा सुविधाको उत्पादन, वितरण र खरिद गर्दा खास जात वा व्यक्तिलाई प्राप्त गर्ने, प्रदान गर्ने र बिक्री-वितरण गर्ने रोक लगाउने; व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने; सामाजिक भेदभावलाई न्यायोचित ठान्ने; जातीय विभेदलाई प्रोत्साहन गर्ने र कार्यस्थलमा कुनै प्रकारको भेदभाव तथा छुवाछूतजन्य कार्यलाई गम्भीर सामाजिक अपराधका रूपमा दण्डनीय ठहर गर्दै पीडितलाई क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ । जातीय भेदभाव तथा छुवाछूत (कसर र

सजाय) ऐन, २०६८ अनुसार न्यूनतम बीस हजारदेखि दुई लाख रूपैयासम्म जरिवाना वा तीन महिनादेखि तीन वर्षसम्म जेलसजाय वा दुवै सजाय हुनसक्ने व्यवस्था गरेको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले यस्तो कसुर गरेमा दोब्बर सजायको व्यवस्था गरिएको छ ।

**दलितको हक (धारा ४०) :** यो हक अन्तर्गत राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । त्यस्तै दलित समुदायको सार्वजनिक सेवा र रोजगारीका अन्य क्षेत्रमा सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता; प्राथमिकदेखि उच्च शिक्षासम्म छात्रवृत्तिसहित निःशुल्क शिक्षा र प्राविधिक तथा व्यावसायिक उच्च शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने छ । दलित समुदायका परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकासका लागि राज्यले प्राथमिकताकासाथ सीप र स्रोत उपलब्ध गराउनेछ । राज्यले भूमिहीन दलितलाई एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ र आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ । यो धाराअन्तर्गत प्राप्त हकहरू दलित महिला, पुरूष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा वितरण गर्नु पर्नेछ ।

**राष्ट्रिय दलित आयोग (धारा २५५) :** नेपालमा अध्यक्ष र अन्य चार जना सदस्य रहेको संवैधानिक राष्ट्रिय दलित आयोग रहनेछ । राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा ६ वर्षका लागि राष्ट्रिय दलित आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।आयोगको पदाधिकारी हुन कम्तीमा दश वर्ष दलित समुदायको हक हित वा मानवअधिकार र कानुनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको दलित हुनुपर्ने छ । तर, अध्यक्षको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि प्राप्त हुनुपर्नेछ ।

दलित आयोगले दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण; दलित लक्षित कानुनको प्रभावकारी कार्यन्वयनको अनुगमन तथा कार्यन्वयन र दलित अधिकारसँग सम्बन्धित नेपाल पक्ष अन्तर्राष्ट्रिय सन्धि–सम्झौताको प्रतिवेदन तयारीका लागि नेपाल सरकारलाई सिफारिस तथा सुझाव दिन सक्नेछ । त्यसैगरी दलित समुदायको राज्यका सबै निकायहरूमा समानुपातिक सहभागिता; दलित समुदायलाई विकासको मूल प्रवाहमा समाहित गर्नेका लागि नीति तथा कार्यक्रमको समीक्षा, सुधार, अनुगमन तथा मूल्यांकन र प्रभावकारी कार्यन्वयनका लागि नेपाल सरकारलाई सिफारिस तथा सुझाव दिन

सक्नेछ । त्यसैगरी आयोगले जातीय भेदभाव तथा छूवाछूत पीडितलाई न्याय दिलाउनका लागि कानुनबमोजिम अदालतमा मुद्दा दायर गर्ने सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने सक्नेछ ।

**राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (धारा ५०):** कानुनी शासन, मौलिक हक तथा मानवअधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोएकल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्नु संविधानलेराज्यको राजनीतिक उद्देश्य हुनेछ । त्यसैगरी समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने राज्यको सामाजिक र सांस्कृतिक रूपान्तरणसम्बन्धी नीति रहने छ ।

**राजनीतिक प्रतिनिधित्व :** दलित लगायत अन्य सीमान्तकृत समुदायको राज्यका विभिन्न निकायहरूमा प्रतिनिधित्व तथा समावेशीकरणलाई सुनिश्चित गर्ने धारा ४० को (१) र धारा ४२ को (१) मा राज्यका निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिताको

हक हुने भन्ने उल्लेख छ । त्यसैगरी धारा ७६ को (९) मा समावेशी सिद्धान्त बमोजिम सङ्घीय मन्त्रिपरिषद्को गठन गर्ने, धारा ११६ को (८) र (९) मा प्रदेश मन्त्रिपरिषदको गठन पनि समावेशी सिद्धान्तको आधारमा गरिने; धारा २१५ को (४)अनुसार दलित वा अल्पसंख्यकबाट २ जना गाउँपालिकाको सदस्य हुने; धारा २१६ को (४) मा दलित वा अल्पसंख्यकबाट ३ जना नगर कार्यपालिकाको सदस्य हुने भन्दै स्थानीय निकायमा पनि प्रतिनिधित्वको व्यवस्था गरेको छ । तर, स्थानीय निर्वाचन ऐन, २०७३ ले गाउँपालिका वा नगरपालिकाको हरेक वाडमा अनिवार्य एकजना दलित महिला निर्वाचित हुनेगरी आरक्षित कोटाको व्यवस्था गरेको छ ।

धारा ८४ को (२) र (८) मा प्रतिनिधि सभाको कूल सिटमा ४० प्रतिशत समानुपातिक प्रतिनिधित्व हुने भनेकोमा यसले संविधानमा उल्लेख भएका समूहबाट प्रतिशतको आधारमा प्रतिनिधित्व गराउने भनिएको छ । धारा ८६ को (२) को (क) मा राष्ट्रियसभाको गठनमा प्रत्येक प्रदेशबाट एक जना गरी सात जना दलितको अनिवार्य सहभागिता हुने भनेको छ । त्यस्तै धारा १७६ को (६) र (९) मा प्रदेशसभाको सिटमा पनि ४० प्रतिशत सिट समानुपातिकबाट हुने भनेको छ । त्यस्तै धारा २२२ को

(२) र (३) अनुसार गाउँसभामा दलित वा अल्पसंख्यकबाट दुई जना सदस्य रहने त्यस्तै २२३ को (२) र (३) अनुसार नगरसभामा पनि दलित वा अल्पसंख्यकबाट तीन जना सदस्य निर्वाचित हुनेछन् । त्यसतै धारा २६७ को (३) मा नेपाली सेनामा, धारा २६९ को (४) (ग) मा राजनीतिक दलका विभिन्न तहका कार्यकारी समितिमा, धारा २८२ को (१) मा राजदूत र विशेष प्रतिनिधि नियुक्ती सम्बन्धमा, धारा २८३ मा सबै संवैधानिक निकायका पदाधिकारी, धारा २८५ को (२) मा सरकारी सेवाको पदपूर्तिमा समानता र समानुपातिक समावेशी सिद्धान्तको आधारमा समावेशीकरण हुने उल्लेख गरिएको छ ।

**न्यायपालिकाः** न्यायपालिकामा दलित समुदायका लागि पूर्णरूपमा ढोका बन्द गरिएको देखिन्छ । सर्वोच्च अदालतका न्यायाधीशहरूको नियुक्ति, उच्च अदालतका न्यायाधीशहरूको नियुक्ति र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति गर्दा समावेशीकरण सिद्धान्तलाई अंगिकार गरिने छैन । तर मौलिक हकको धारा ४० र ४२ मा व्यवस्था गरिएको समानुपातिक समावेशी सिद्धान्तको प्रयोग न्यायालयमा पनि गर्नुपर्छ । स्मरणरहोस्, न्याय परिषद ऐन, २०७३ र न्याय सेवा ऐन, २०७३ले सबै तहको

न्यायाधीश पदमा समानुपातिक सिद्धान्त बमोजिम गर्नु पर्ने कानुनी व्यवस्था गरेको छ ।

**छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८:** यो ऐनअनुसार कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रीतिरिवाज, उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसाय वा शारीरिक अवस्था आधारमा सार्वजनिक वा निजी स्थानमा प्रवेश गर्न, उपस्थित हुन वा भाग लिन निषेध गर्ने वा कुनै किसिमले रोक, नियन्त्रण वा प्रतिबन्ध लगाउने, व्यक्तिगत वा सामूहिक रूपमा सार्वजनिक स्थान वा समारोहबाट निष्काशन, सामाजिक बहिष्कार वा कुनै प्रकारको भेदभाव गर्ने वा त्यस्तो कार्यमा प्रतिबन्ध लगाउने वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गर्ने, सार्वजनिक सेवाको प्रयोग गर्न वा उपभोग गर्नबाट वञ्चित गर्ने, सार्वजनिक समारोह आयोजना गर्न वा सार्वजनिक रूपमा आयोजना हुने कुनै कार्य गर्नबाट वञ्चित गर्नेलगायतका कार्यलाई छुवाछूत तथा भेदभाव कसुरको रूपमा स्वीकारेको छ ।

ऐनले कसैले पनि जातीय छुवाछूत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने, उक्साउने वा त्यस्तो कार्य गर्न दुरूत्साहन हुने कुनै कार्य गर्न वा त्यस्तो कुनै

क्रियाकलापमा जानी–जानी सहभागी हुने, पेशा वा व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न बाध्य पार्ने, कुनै धार्मिक कार्य गर्नबाट वञ्चित गर्ने वा गराउने, कुनै वस्तु, सेवा वा सुविधा उत्पादन, बिक्री वा वितरण गर्नबाट रोक्न वा रोक लगाउने, त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउने वा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण गर्ने गरी उत्पादन, बिक्री वा वितरण गर्ने वा गराउने, परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याउने, प्रचलित कानून बमोजिम उमेर पुगेका वर–वधुवाट मञ्जूर भएको अन्तरजातीय विवाह गर्नबाट कुनै पनि व्यक्तिलाई उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा रोक लगाउन, त्यस्तो विवाहबाट जन्मिएका सन्तानको न्वारान नगराउन वा भइसकेको विवाह विच्छेद गराउने कुनै काम गर्ने वा गराउने कार्यलाई समेत कसुरको रूपमा स्वीकारेको छ ।

ऐनअनुसार कसैले कुनै पनि व्यक्ति वा समुदायलाई श्रव्यदृष्य सामग्री, लेख रचना, चित्र, आकार, कार्टुन, पोष्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर

वा विद्युतीय माध्यमबाट वा अन्य कुनै तरिकाले कुनै व्यक्ति वा समुदायलाई त्यस्तो व्यक्ति वा समुदायको उत्पत्ति, जात वा जातिको आधारमा उच्च वा नीच दर्शाउन, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठर्हयाउन वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न वा गराउन हुँदैन । त्यस्तै कसैले उत्पत्ति, जात, जाति, वंश, समुदाय, पेशा वा व्यवसायका आधारमा कुनै पनि व्यक्तिलाई कुनै प्रकारको श्रममा लगाउन इन्कार गर्ने वा श्रमबाट निष्काशन गर्ने वा पारिश्रमिकमा भेदभाव गर्न वा गराउन हुँदैन ।

ऐनअनुसार उल्लेखित कसूर कसैले गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयमा तोकिए बमोजिम उजुर गर्न सक्नेछ । यस्तो कसूर नेपाल बाहिर गरेमा निज बसोबास गरेको वा प्रतिवादी रहेको जिल्लाको नजिकको प्रहरी कार्यालयमा उजुर गर्नु पर्नेछ । उजुरी सम्बन्धित प्रहरी कार्यालयले दर्ता नगरेमा वा प्रचलित कानून बमोजिम आवश्यक कारबाही नगरेमा सम्बन्धित व्यक्तिले सो कुराको उजुरी तोकिए बमोजिम राष्ट्रिय दलित आयोग वा स्थानीय तहमा समेत गर्न सक्नेछ ।

ऐनअनुसार उल्लेखित कसूर गर्ने व्यक्तिलाई अधिकतम तीन महिनादेखि तीनवर्षसम्म कैद वा पचास हजार रूपैयाँदेखि दुई लाख रूपैयाँसम्म जरिबाना र न्यूनतम एक महिना देखि एक वर्षसम्म कैद वा पाँच सय रूपैयाँदेखि दश हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्नेछ । छुवाछूत तथा भेदभाव गर्न मद्दत गर्ने, दुरूत्साहन गर्ने, उक्साउने वा त्यस्तो कार्य गर्न उद्योग गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुने छ भने उल्लेखित कसूरमा सजाय पाएको व्यक्तिले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्तिलाई उल्लिखित सजायको दोब्बर सजाय हुनेछ । सार्वजनिक पद धारण गरेको व्यक्तिले कसूर गरेमा पचास प्रतिशत थप सजाय हुनेछ । त्यस्तै कसैले यस ऐन बमोजिमको कसूर गरेको ठहरेमा अदालतले कसूरदारबाट पीडितलाई दुई लाख रूपैयाँसम्म क्षतिपूर्ति भराइदिनु पर्नेछ । कसूरदारले पीडितलाई कुनै शारीरिक हानि, नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानि, नोक्सानी वापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिनु पर्नेछ । रकम कसूरदारबाट तत्काल भराउन नसकिने भएमा त्यस्तो रकम प्रचलित कानून बमोजिम पीडित राहत कोषबाट भराइदिनु पर्नेछ र त्यसरी

भराइएको रकम सम्बन्धित कसूरदारबाट असूल उपर गरी सो कोषमा शोधभर्ना गर्नु पर्नेछ ।

**जातीय भेदभाव तथा छुवाछूत अन्त्य तथा दलितहरूको अधिकार प्रवर्धन कार्यविधि, २०७३:** विधमान जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन वि.सं. २०६८ को कार्यन्वयनको लगायत जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा हुने छुवाछूत तथा भेदभावको अन्त्यका लागि विभिन्न निकायहरूबाट भए गरेका काम कारवाहीको अनुगमन, सुपरिवेक्षण तथा समन्वय गर्ने र यस सम्बन्धमा समय-समयमा सम्बद्ध निकायहरूलाई आवश्यक निर्देश गर्नेका लागि निश्चित संयन्त्रको आवश्यकताको महसुस गरी नेपाल सरकारले प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय समिति र मुख्य सचिवको संयोजकत्वमा निर्देशक समिति र जिल्ला तहको समन्वय समितिको गठन गरेको छ । र, यसको प्रभावकारी समन्वयका लागि कार्यविधि समेत जारी गरेको छ ।

## जातीय विभेदविरूद्ध नेपालको अन्तर्राष्ट्रिय प्रतिवद्धता

**सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ :** धारा १ मा जातीय विभेदलाई परिभाष्तिा गर्दै "जातीय भेदभाव" को परिभाषा गरिएको छ । जसअनुसार "जातीय भेदभाव" भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका वा अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर पार्ने उद्देश्य भएको जाति, वर्ण, वंश वा राष्ट्रियता, जातीय उत्पतिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ ।" यो महासन्धिले मुख्य रूपमा समानता र अविभेदको सिद्धान्तलाई अङ्गीकार गरी जातीय विभद उन्मूलन गर्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

**डर्वान घोषणापत्र २००१ :** जातीय भेदभावविरूद्धको महासन्धिका सम्बन्धमा सन् २००१ मा दक्षिण अफ्रिकामा भएको विश्व सम्मेलनले फौजदारी न्याय प्रणालीका प्रशासनिक तथा कार्यप्रणालीमा हुने जातीय विभेदका कारण जातिवाद, विभेद, शोषण, घृणा र यससँग सम्बन्धित असहिष्णुता र वंशका आधारमा हुने विभेदका कारण

सीमान्तीकृत आदिवासी सममुदायमाथि प्रतिकूल प्रभाव पार्न सक्ने विषयमा छलफल गरेको थियो । यसैगरी उक्त सम्मेलनले विशेष फौजदारी न्याय प्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा जातीय भेदभाव रोकथाम गरिनुपर्नेतर्फ ध्यानाकर्षण गर्दै डर्वान घोषणापत्र, २००१ र डर्वान कार्ययोजना जारी गरेको थियो । डर्वान घोषणापत्रको कार्यन्वयनसम्बन्धमा समीक्षासमेत गरी त्यससम्बन्धमा राज्यले लिनुपर्ने नीतिगत तथा प्रशासनिक उपायहरू अबलम्बन गरी जातीय भेदभावविरूद्धएको अधिकार संरक्षण गर्नेसम्बन्धमा विभिन्न सिफारिसहरूसमेत भएका छन् ।

राज्यले त्यतिखेर मात्रै जातीय विभेद विरूद्धका कानुनी संयन्त्रहरूलाई प्रभावकारी रूपमा लागू गर्न सक्छ जतिखेर शिक्षित समुदायले त्यो कुरालाई आत्मसात गर्दै अगाडि लैजान्छ । नेपालमा दलित, आदिवासी र मधेसी कुनैपनि समुदायले जातीय विभेद चाहँदैन । तर, उच्च जातिका समुदायहरूले यसलाई निरन्तरता दिइरहेका छन् । नेपालमा अझै पनि आफू पनि मानव हुने र अरूलाई पनि मानव ठान्ने, मान्ने र त्यही अनुरूप व्यवहार गर्ने प्रवृत्तिको विकास हुन सकेको छैन । जातीय विभेद उन्मूलनसम्बन्धी सन्धि नेपालले १९७१ मै पारित गरेको थियो । तर, नेपालमा जातीय विभेदहरू प्रशस्तै हुँदाहुँदैपनि छलफलमा कम आउने गरेको छ ।

जातीय विभेदसम्बन्धी महासन्धि नेपालले अनुमोदन गरिसकेपछि त्यो कार्यान्वयन भए नभएको कुरा हेर्न, अझै राम्रोसँग कार्यान्वयन गर्नको निम्ति संयुक्त राष्ट्र संघले अनुगमन समितिहरू बनाउँछ । त्यस्ता समितिहरूले महासन्धिको अहिलेको कार्यान्वयनको अवस्था के छ ? यहाँका विभिन्न अल्पसंख्यकहरूले कस्तो किसिमको विभेदहरू भोगिराखेका छन् ? भन्ने कुराको यथार्थताको अध्ययन गर्छ । नेपालले आफूलाई मानवअधिकारको पक्षमा, लोकतन्त्रको पक्षमा उभ्याएको छ भन्ने सन्देश दिन पनि जरैदेखि जातीय विभेदको अन्त्य हुनु जरूरी छ ।

**अन्य नीतिगत तथा कानुनी व्यवस्था :** नेपाल सरकारले आर्थिक वर्ष २०६१/२०६२ देखि सरकारको तर्फबाट 'मानवअधिकार राष्ट्रिय कार्ययोजना' निर्माण गरी लागू गर्ने कार्य सुरु गऱ्यो । यसअघि तीन वर्षीय कार्ययोजना कार्यान्वयनमा रहेकोमा हाल चौथो राष्ट्रिय मानवअधिकार कार्ययोजना पञ्चवर्षीय (२०७१-२०७५) रहेको छ । चौथो राष्ट्रिय कार्य-योजनामा समेत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्ने विभिन्न कार्यक्रमहरू समावेश गरेको छ । सो योजनामा संविधान प्रदत्त मौलिक हक तथा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमार्फत व्यक्त प्रतिबद्धतालाई प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन एवम् आवश्यकतानुसार नयाँ कानुन निर्माण गरी कार्यान्वयन

गरिने कुरा उल्लेख गरिएको छ ।

आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार संरक्षणका लागि विस्तृत शान्ति सम्झौता, २०६३ आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३, द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायता एवम् राहतसम्बन्धी मापदण्ड, २०६४ श्रम ऐन, २०४८ श्रम नियमावली, २०५० खाद्य ऐन, मानवअधिकार आयोग ऐन, २०५३, शिक्षा ऐन, २०२३, स्वास्थ्य सेवा ऐन, २०२८ आदि कार्यान्वयनमा रहेका छन् ।

उपभोक्ता अधिकार संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन २०५४, पशुस्वास्थ्य तथा पशुसेवा ऐन, २०५५, पशु वधशाला र मासु जाँच ऐन, २०५५, सार्वजनिक खरीद ऐन २०६३, वाणिज्य नीति, २०६५, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राष्ट्रिय दूग्घ विकास बोर्ड ऐन, २०४८, गुणस्तर, नाप र तौल ऐन, २०२५, हवाई नीति, २०६३ आदिलगायतका ऐन–नियमहरू पनि प्रत्यक्ष वा परोक्ष रूपमा मानवअधिकारसँग सम्बन्धित रही कार्यान्वयनमा रहेका छन् ।

## १.४ मानवअधिकार संरक्षणमा संस्थागत संरचना

**नेपाल प्रहरी:** नेपाल प्रहरी नेपालको गैरसैनिक प्रहरी सेवा हो । यसको औपचारिक स्थापना वि.सं २०१२

सालको 'प्रहरी ऐन' जारी भएपछि भएको हो । हाल यो नेपाल सरकार गृहमन्त्रालयको मातहतमा रहेको छ । नेपाल प्रहरी अन्तर्गत मानवअधिकार सेल र महिला सेलको स्थापना गरिएको छ ।

**महान्यायधिवक्ताको कार्यालयः** नेपालको संविधान २०७२ को भाग १२ धारा १५८ मा नेपाल सरकारको मुख्य कानुनी सल्लाहकार र मुख्य अभियोजनकर्ताको रूपमा महान्यायाधिवक्ताको व्यवस्था गरिएको छ । नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने, नेपाल सरकारको तर्फबाट दायर भएको मुद्दा फिर्ता लिँदा महान्यायाधिवक्ताको राय लिनु पर्ने व्यवस्था गरिएको छ । महान्यायाधिवक्तालाई आफ्नो कर्तव्य पालन गर्दा नेपाल सरकारवादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने, मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या वा प्रतिपादन गरेको कानुनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने, हिरासतमा रहेको व्यक्तिलाई यस संविधानको अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानुन व्यवसायीमार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जानकारी हुन आएमा छानबिन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई

आवश्यक निर्देशन दिने अधिकार समेत महान्यायाधिवक्तालाई हुने व्यवस्था गरिएको छ ।

**सरकारी वकिलको कार्यालयः** हरेक जिल्लामा रहेका जिल्ला सरकारी वकिलको कार्यालयलेफौजदारीमुद्दामा प्रतिवादीको बयानलगायतका अनुसन्धान कार्य, अभियोजन, साक्षि प्रमाणको प्रस्तुति र बकपत्रको कार्य तथा बहस पैरवीको कार्य गर्ने गर्छ ।

**अदालतहरूः** नेपालको न्यायसम्बन्धी अधिकारसंविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तअनुसार अदालतबाट प्रयोग गरिन्छ । मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णयको सबैले पालन गर्नुपर्ने हुन्छ । नेपालको संविधान २०७२ अनुसार सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमार्फत् न्यायको निरूपण गरिन्छ ।

**राष्ट्रिय मानवअधिकार आयोगः** राष्ट्रिय मानवअधिकार आयोग नेपालको एक स्वतन्त्र र स्वशासित सार्वजनिक निकाय हो । मानवअधिकार ऐन २०५३ मा आधारित रही यस संस्थाको २०५७ मा स्थापना भएको थियो । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संबैधानिक अङ्गको रूपमा स्थापना गरेको र आफ्नै क्षेत्राधिकार एवं कार्यविभाजन गरेको थियो । जसले नेपालको संवैधानिक र न्यायिक

प्रणाली, सर्वोच्च अदालत, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, न्यायधिवक्ताको कार्यालय र अन्य निकायहरू सँग संयोजनमा रहेर यसले कार्य गर्छ । नेपालको संविधान २०७२अनुसार राष्ट्रिय मानवअधिकार आयोगले संवैधानिक हैसियत प्राप्त गरेको छ । जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

**राष्ट्रिय दलित आयोगः** सदियौंदेखिको जातीय भेदभाव र छुवाछूतको व्यवहारका कारण मानवजीवनका सबै क्षेत्रमा अत्यन्तै कमजोर र राष्ट्र विकासको मूलप्रवाहबाट पछाडि पारिएको दलित समुदायलाई आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक तथा धार्मिक/सांस्कृतिक क्षेत्रमा सहभागिताको समान अवसर प्रत्याभूत गरी अन्य उच्च जीवनस्तर भएकासमुदायका नागरिक सरह विकास गर्ने तथा जात, वंश र पेशाका आधारमा प्रचलित जातीय भेदभाव र छुवाछूत व्यवहार पूर्णरूपले अन्त्य गर्ने उद्देश्यले मिति ०५८ साल चैत्र ६ गते राष्ट्रिय दलित आयोग स्थापना भएको हो । हाल नेपालको संविधान २०७२अनुसार राष्ट्रिय दलित आयोगले संवैधानिक हैसियत प्राप्त गरेको छ । जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

**राष्ट्रिय महिला आयोगः** राष्ट्रिय महिला आयोग नेपालका महिलाको क्षेत्रमा काम गर्ने आयोग हो । यो आयोगले महिला हिंसा, मानवअधिकारलगायतका क्षेत्रमा

उजुरी लिने तथा कार्य सम्पादन गर्ने गर्छ । देशको आधाभन्दा बढी जनसंख्या रहेका महिलाहरूलाई देश विकासको मूलप्रवाहमा सक्रिय बनाउने उद्देश्यले सरकारले मिति २०५८ साल फाल्गुन २४ गते राष्ट्रिय महिला आयोगको गठन गरेको थियो । हाल नेपालको संविधान २०७२अनुसार राष्ट्रिय महिला आयोगले संवैधानिक हैसियत प्राप्त गरेको छ । जसमा अध्यक्ष र अन्य चार जना सदस्य रहनेछन् ।

**मधेशी आयोगः** मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागिनेपालको संविधान २०७२ अनुसार मधेशी आयोगको स्थापना भएको हो । मधेशी आयोग ऐन, २०७४ अनुसार आयोगको उद्देश्य मुख्यतः मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा नीतिगत, कानूनी र संस्थागत सुधार, नीति तथा कार्यक्रमको तर्जुमा, नीति तथा कार्यक्रमको अनुसन्धान, समीक्षा, अनुगमन तथा मूल्याङ्कन, मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गर्ने, मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा

तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने र मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने जस्ता कार्यहरू रहेका छन् ।

**अन्य आयोगहरू :** उल्लेखित आयोगहरूको अलवा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोकसेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग, समावेशी आयोग, आदिवासी, जनजाति आयोग, मुस्लिम आयोग र थारु आयोगको परिकल्पना गरेको छ ।

## १.५ मानवअधिकार उल्लङ्घनको उपचार

**राष्ट्रिय उपचार :** अन्तर्राष्ट्रिय तथा क्षेत्रीय महासन्धिहरू द्वारा प्रदत्त मानवअधिकारलाई घरेलुकरण गरिएको अवस्थामा ती अधिकारहरू राष्ट्रिय कानुनद्वारा व्यवस्थित गरिएका हुन्छन् । यसरी व्यवस्था गर्दा मानवअधिकार उल्लङ्घन सम्बन्धमा उपचार विधि समेतको स्पष्ट व्यवस्था गर्नुपर्ने र त्यस्तो विधिमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरमा स्थापित मापदण्डअनुरूपका उपचारका सबै विधि र प्रक्रियाहरूको व्यवस्था गर्नुपर्छ ।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय दस्तावेजमा उल्लेख भएका मानवअधिकारको उल्लङ्घनको विषयमा अन्तर्राष्ट्रियस्तरमा उपचारको लागि जानुभन्दा

पहिले राष्ट्रियस्तरको उपचारविधि प्रयोग गरिसकेको हुनुपर्ने अन्तर्राष्ट्रिय मान्यता छ । कतिपय मुद्दामा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संयन्त्रहरूले मानवअधिकारको उल्लङ्घनको विषयमा उजुरी लिँदा राष्ट्रियस्तरको उपचार विधि उपयोग गरे–नगरेको हेर्ने गर्छन् । यदि राष्ट्रियस्तरको उपचारविधि उपयोग नगरेको पाइएमा उक्त विधिको उपयोग गर्ने उजुरीकर्तालाई सल्लाह दिने गर्छन् । त्यसैले मानवअधिकारको उल्लङ्घनको विषयमा राष्ट्रियस्तरको उपचार विधिको विशिष्ट महत्त्व छ ।

नेपालको संविधान, २०७२ ले धारा ४६ मा 'संवैधानिक उपचारको हक' प्रदान गरेको छ । यसबाहेक संविधानले मानवअधिकारको उल्लङ्घनविरूद्व राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान गरी दोषिमाथि कारबाहीको सिफारिस गर्न सक्ने अधिकार प्रदान गरेको छ (धारा २४८) । त्यस्तै महिलाका अधिकारको विषयमा राष्ट्रिय महिला आयोग (धारा २५२), दलित सवालमा राष्ट्रिय दलित आयोग (धारा २५५) मा पनि उजुरी गर्ने सकिने व्यवस्था संविधानमा छ । त्यस्तै अन्य अदालतहरूमा पनि अधिकारको उल्लङ्घनको उपचारका लागि निवेदन गर्ने सकिने व्यवस्थाहरू पनि विभिन्न कानुनले गरेका छन् ।

**अन्तर्राष्ट्रिय उपचार :** मानवअधिकार उल्लङ्घनको अन्तर्राष्ट्रियउपचार विधिबारे छलफल गर्नुअघि संयुक्त

राष्ट्रसङ्घीय मानवअधिकार संरक्षणका संयन्त्रहरू बारे जानकारी लिनु आवश्यक हुन्छ । त्यस्ता संयन्त्रहरू दुई प्रकारका छन् । पहिलो सन्धिमा आधारित संयन्त्र हो । यसलाई महासन्धिमा आधारित निकाय र दोस्रो बडापत्रमा आधारित संयन्त्र हो ।

**सन्धिमा आधारित संयन्त्र :** यसले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको कुनै पक्ष राज्यले उल्लङ्घन गरेमा त्यसरी हुने उल्लङ्घनबाट पीडितले पेश गरेको निवेदनमाथि छानविन गरी त्यसको उपचार प्रदान गर्छ । मानवअधिकारसम्बन्धी प्रमुख महासन्धिहरूमा यस किसिमको उपचारविधिबारे उल्लेख गरिएको हुन्छ ।

यो संयन्त्रअनुसार व्यक्तिले समेत उजुरी दिन सक्छन् । व्यक्तिले महासन्धिअनुसारका समितिसमक्ष मुद्दा लिएर जाने प्रक्रियालाई व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधि भनिन्छ । यस्तो उजुरी गर्दा मूलतः दुई कुरामा ध्यान दिनुपर्छः पहिलो–उजुरीसँग सम्बन्धित राज्य महासन्धिको पक्ष भई सो राज्यले व्यक्तिगत उजुरी स्वीकार गर्न मञ्जुर गरेको हुनु पर्छ । दोस्रो–उजुरी महासन्धिको निश्चित धारासँग सम्बन्धित हुनु पर्छ ।

व्यक्तिगत उजुरी लिएर जानुअघि सम्बन्धित राज्यमा उपलब्ध भएको सबै उपचारको विधि अवलम्बन

गरिसकेको वा त्यस्तो उपचारको विधि अवलम्बन गर्न सम्भव नभएको यथेष्ट प्रमाण सङ्कलन गर्नु अनिवार्य मानिन्छ । यसप्रकारको व्यक्तिगत उजुरीसम्बन्धी कार्यविधिले उजुरीमा उल्लिखित मानवअधिकारको अवस्थाबारे अनुगमन गर्छ । त्यसरी अनुगमन गर्ने क्रममा पक्ष राज्यले मानवअधिकारको उल्लङ्घन गरे वा नगरेको सम्बन्धमा छानबिनपछि निश्चित सिफारिस गर्छ । त्यसरी गरेको सिफारिस कार्यान्वयन गर्नु पक्ष राज्यको दायित्व हुन्छ ।

**बडापत्रमा आधारित संयन्त्र :** यो संयन्त्र कुनै निश्चित महासन्धिको परिधिमा सीमित नभई संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको समग्र मानवअधिकारको अवस्थाको बारेमा मूल्याङ्कन गर्न स्थापना भएको हो । यो संयन्त्रले महासन्धिको पक्ष नभएको राज्यको पनि मानवअधिकारको उल्लङ्घनको मुद्दा वा मानवअधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन सक्दछ ।

बडापत्रमा आधारित संयन्त्रअन्तर्गत मानवअधिकार परिषद् पर्छ । परिषद्ले सदस्य राष्ट्रको मानवअधिकारको उल्लङ्घनको मुद्दा वा मानवअधिकारसम्बन्धी कुनै पनि विषयलाई छानबिनको दायरामा ल्याउन विशेष कार्यविधिको व्यवस्था गरेको छ । यो व्यवस्थाअन्तर्गत विशेष प्रतिनिधि वा विशेष र्‍यापोर्टरको रूपमा स्वतन्त्र विज्ञहरूले काम गर्छन् । उनीहरूको काम मानवअधिकारको अवस्थाका

बारेमा जाँचबुझ तथा छानबिन गरी प्रतिवेदन परिषद्समक्ष पेश गर्नु हो ।

संयुक्त राष्ट्रसङ्घ प्रस्ताव नं. १५०३ अन्तर्गतको कार्यविधिलाई पनि मानवअधिकारको संरक्षणको प्रमुख संयन्त्रको रूपमा लिइन्छ । आर्थिक तथा सामाजिक परिषद् द्वारा सन् १९७० मा स्थापित यो कार्यविधिले मूलुकको समग्र मानवअधिकारको अनुगमन गर्ने र व्यक्तिगतरूपमा परेका मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीमाथि छानबिन गरी परिषद्समक्ष प्रतिवेदन पेश गर्ने कार्य गर्छ ।

# अध्याय २
# दलित मानवअधिकारको अवस्था

## २.१ जनसांख्यिक अवस्थाः

२०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार नेपालको कूल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ छ । कूल जनसंख्याको ४८ दशमलव ५० प्रतिशत पुरूष र ५१ दशमलव ५० प्रतिशत महिला छन् । वार्षिक औसत जनसंख्या वृद्धि दर १ दशमलव ३५ प्रतिशत रहेको छ ।[१] कूल जनसंख्याको ८.१२ प्रतिशत पहाडी दलित र ४.४१ प्रतिशत मधेशी दलितहरूको जनसंख्या रहेको छ । कूल दलितहरूको जनसंख्या मध्ये १४ लाख ५४ हजार ९७

१ POPULATION MONOGRAPH OF NEPAL, VOLUME II, (Social Demography), Government of Nepal, National Planning Commission Secretariat, Central Bureau of Statistics, 2014, Kathmandu, Nepal.

पुरूष र १६ लाख ११ हजार ९८१ महिलाहरूको जनसंख्या रहेको छ । पहाड र मधेशसहितका दलितहरूको जनसंख्या क्षेत्री, जनजाति पछिको तेस्रो ठूलो जनसंख्या हो । दलित जातिहरूमध्ये सबैभन्दा बढी विश्वकर्माहरूको जनसंख्या (४.७५ प्रतिशत) रहेको छ भने सबैभन्दा कम मधेशी दलित समदायभित्र पर्ने कलार जातिको (०.००५ प्रतिशत) अर्थात् १ हजार ४४६ मात्र रहेको छ । मधेशी दलितहरूको परिवार संख्या औसत ५.६ जना र पहाडी दलितहरूको परिवार संख्या औसत ४.८ जना रहेको छ जुन पहाडी ब्राह्मण (४.२) र क्षेत्री (४.७) भन्दा बढी हो ।[२]

एक सर्भेक्षणअनुसार औसत ४२ प्रतिशत दलितहरू गरिवीको रेखामुनि छन् जबकि राष्ट्रिय औसत गरिवी २३.८० प्रतिशत रहेको छ । त्यसैगरी ४९ प्रतिशत दलितहरू साक्षर छन् जबकि राष्ट्रिय साक्षरता औसत ५९ प्रतिशत रहेको छ । तराईका ५१.१ प्रतिशत र पहाडका १५ प्रतिशत दलितहरू भूमिहीन छन् जबकि राष्ट्रिय औसत २१.१० प्रतिशत छ । मानवविकास चूचकांएका दृष्टिले राष्ट्रिय औसत ०.४ छ भने तराई दलितको ०.४०० र पहाडी दलितको ०.४४६ रहेको छ । राष्ट्रिय औषत आयु ६८.८ छ

२ पूर्ववत

भने दलित समुदायको औषत आयु राष्ट्रिय आयुभन्दा १.६३ वर्षले कम छ ।[३]

सरकारले २०५८ सालमा गठन गरेको 'राष्ट्रिय दलित आयोग'ले मधेसी मूलका १९ र पहाडी मूलका ७ गरी २६ वटा जातलाई दलितभित्र सूचीकृत गरेको छ ।[४] राष्ट्रिय दलित आयोग, उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति र विभिन्न अध्ययन र अनुसन्धानले दलितहरूको पहिचान स्पष्टरूपमा गरे पनि ८१ हजार दलितलाई पहिचान हुन बाँकी दलित भनेर राष्ट्रिय जनगणनाले राखेको छ । नेपालमा राष्ट्रिय दलित आयोगले पहाडका ५ र तराईका १७ दलित जातीहरू पहिचान गरेको छ ।[५]

३ "Waiting for 'Justice in Response." Asia Dalit Rights Forum. Dalit Civil Society Massive Earthquake Victim Support and Coordination Committee, 2015. p6.

४ जातीय अनुसूचीhttp://ndc.gov.np/np/cms/4

५ **पहाडी दलित** : बादी, सार्की (मिजार, चर्मकार, भुल), विश्वकर्मा (कामी, लोहार, सुनार, उड, चुनारा, पार्की, टमटा), परियार (दमाई, दर्जी सुचिकार, नगर्ची, ढोली, हुड्के), गर्नेधर्व (गाईने), **तराई दलित** : चमार (राम, मोची, हरिजन, रवीदास), दुसाध (पासवान, हजरा), खत्वे (मण्डल, खङ्गा), धोवी (हिन्दू रजक), तत्मा (ट्यान्टी, दास), डोम (मरिक, ऋषिदेव), मेस्तर (हलखोर), मुसहर, वाँतर, पासी, पत्थरकट्टा, खटिक, कोरी, ककहिया, कलार, सर्भङ्ग र **चिडिमार** ।

## २.२ शैक्षिक अवस्थाः

सन् २०१२ मा प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहमा दलित शिक्षएको अनुपात क्रमशः ४.५ प्रतिशत, २.९ प्रतिशत र ३.६ प्रतिशत रहेको थियो *(शिक्षा विभाग, २०११)* । नवौं पञ्चवर्षीय योजनामा सरकारले १ विद्यालय, १ दलित शिक्षकको अवधारणा अघि सारेको थियो । तर, सरकारको यो नीति कहिल्यै लागू भएन ।

६ वर्षभन्दा माथिका दलितहरूको साक्षरता प्रतिशत ५२. ४ प्रतिशत रहेको छ भने राष्ट्रिय साक्षरता ६५.९ प्रतिशत रहेको छ । त्यसमा पनि मधेशी दलितहरूको साक्षरता दर ३४.५ प्रतिशत रहेको छ । राष्ट्रिय रूपमा ४१.७ प्रतिशतले आठ कक्षासम्मको अध्ययन पुरा गरेकोमा २४.७ प्रतिशत पहाडी दलित र ११.८ प्रतिशत मधेशी दलितलेमात्र आठकक्षा उत्रिण गरेका छन् । एसएलसी उत्रिर्ण गर्नेहरूमध्ये १.६ प्रतिशत र स्नातक उत्रिण गर्नेहरूमध्ये ०.८ प्रतिशतमात्र दलितहरू छन् ।[६] त्यसैगरी दलित महिलाहरूको साक्षरता दर ४५.५ प्रतिशत रहेको छ त्यसमा पनि मुसहर र

६ Nepal Social Inclusion Survey (NSIS) 2012, Central Department of Sociology/Anthropology, Tribhuvan University, Nepal.

डोम महिलाहरूको साक्षरता दर क्रमश १७.४ र १७.९ प्रतिशत रहेको छ ।[७] न्यून शैक्षिक अवस्थाका कारण दलित समुदायको मानव विकासमा महत्त्वपूर्ण अवरोध सिर्जना भएको छ ।[८] यसले दलित समुदायको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थामा प्रत्यक्ष प्रभाव पारेको छ । यसले जहाँ बढी अशिक्षा छ त्यहा गरिबीको दर पनि बढी हुने तथ्यलाई उजागर गर्छ ।[९]

## २.३ भूमिमाथिको पहूँच :

नेपाली समाजमा जमिनमाथिको स्वामित्वले उक्त व्यक्ति वा समदायको आर्थिक तथा सामाजिक हैसियतको निर्माण गर्दछ । नेपालमा अधिकांश दलित समुदाय भूमिहीन छन् । पहाडी दलितमध्ये ३६.७ प्रतिशत र मधेशी दलितमध्ये ४१.४ प्रतिशतसँग आफ्नो जमिन छैन[10] अर्थात् भूमिहीन छन् । २०६८को जनगणना अनुसार सुदूर पश्चिमाञ्चलका ९ वटा जिल्लामा दलितको जनसंख्या १८ प्रतिशत थियो । एन.एन.डी.एस.डब्लु.ओ र एल.डब्लु.एफले गरेको हलिया

---

७ राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग, नेपाल ।

८ नेपाल मानव विकास प्रतिवेदन सन् २००९, यूएनडीपी ।

९ नेपालमा गरिबी, केन्द्रीय तथ्याङ्क विभाग, सन् २०१२ ।

10 NSIS

सर्वेक्षण प्रतिवेदन २०१४ अनुसार सुदूर पश्चिचञ्चलका सात जिल्लामा कुल दलितमध्ये हलिया ५ प्रतिशत थियो र हलियाको कुल संख्या १४,७८४ थियो । सर्वेक्षण गरिएका सात जिल्लामा बैतडी, दार्चुला, डँडेलधुरा, डोटी, बझाङ, कैलाली, कंचनपुर थियो । सबैभन्दा बढी हलिया भएको जिल्ला दार्चुला थियो, जहाँ कूल दलित जनसंख्याको २३ प्रतिशत हलिया थिए ।

नेपाल सरकारले २०६५ साल भदौ २१ गते ऐतिहासिक हलिया मुक्तिको घोषणा गर्‍यो । परन्तु हचुवामा विना गम्भीर गृहकार्य र तयारी हलिया मुक्तिको घोषणा गरिनाले त्यसबाट हलियाको मुक्ति होइन, भूमि ऐनमुताबिक जोतिरहेको जमीनमध्ये आधा हलियालाई दिनुपर्ने दायित्वबाट हलिया साहुको मात्र मुक्ति भयो । हलिया मुक्तिको घोषणा भएको ८ वर्ष बित्दा पनि न यसबारे सरकारले कुनै कानुन जारी गर्ने सकेको स्थिति छ न त मुक्त हलियाले जोतिखाने जमीन, वैकल्पिक रोजगारी र बास नै पाएका छन् । कानुनको अभावमा स्थानीय तहमा हलिया मुक्तिको कार्यक्रम प्रभावकारी ढंगले अघि बढ्न सकेको छैन ।

## २.४ गरिबी :

राष्ट्रिय रूपमा औसत २५.२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेपनि ४२ प्रतिशत दलितहरू गरिबीको रेखामुनि छन् ।[११]औसत प्रतिव्यक्ति ३४१८७ रूपैयाँ छ । मधेशीदलितहरू सबैभन्दा कम प्रतिव्यक्ति उपभोग २३१०६ रहेको छ भने पहाडी दलितको २५२९८ वार्षिक रहेको छ । मधेशी र पहाडी दलितमा हरेक पाँच जनामध्ये एकजना अत्यन्तै गरिब छन् ।[१२]गरीबीकै कारणले गर्दा अधिकतम संख्यामा बालमजदुरहरू दलित समुदायबाटै आएको तथ्य फेला पारेको छ । २० प्रतिशतभन्दा कम जनसंख्या भएका समुदाय भएतापनि दलित समुदायबाट ६० प्रतिशतभन्दा बढी बालमजदुरहरू सूचिवद्ध गरिएको सर्वेक्षणमा देखिएको छ *(समता फाउन्डेसन, २०१५) ।*

## २.५ जीविकोपार्जन र रोजगारी :

विश्व श्रम सँगठनको परिभाषलाई आधार मान्ने हो भने ठूलो संख्यामा दलितहरूको जीविकोपार्जनको मुख्य बाटो शोषणमूलक प्रथामा आधारिक छन् । तथ्याङ्

११ नेपाल जीवन सर्भेक्षण, २०१० ।
१२ पूर्ववत ।

कअनुसार ४२.५ प्रतिशत मधेशी दलितहरू प्राथमिक पेशाहरूबाट आफ्नो जीविकोपार्जन गरिरहेका छन् ।[१३] १२ जना पुरूषहरूमध्ये एकजना व्यवसायिक प्राविधिक पेशामा संलग्र्ने छन् महिलाहरूको त्यसको आधार छ । २५ जनामा एक महिला त्यस्ता पेशामा संलग्र्ने छन् । पहाडी दलित महिलाको तुलनामा ०.८ प्रतिशतमात्र यस्ता पेशामा संलग्र्ने छन् ।[१४] दलित समुदाय आफ्नै इच्छामा उद्यो र व्यापार गरेर जीविकोपार्जन गर्ने सकेका छैनन् । दलितले उब्जाउ गरेको दूध र खाद्यान्न आज पनि बजारमा नबिक्ने अवस्था ज्यूँकात्यूँ छ ।

## २.६ परम्परागत पेशा र सीपः

दलित समुदाय परम्परागत पेशा र सीपका धनी मानिन्छन् । जातीय विभेद र उचित ज्यालाको अभावमा दलितहरूले पञ्चेवाजा, आरन, छालाको काम, मादल

---

१३ NMSII

१४ Lama Mukta S. and Arun Kumar Lal Das. 2014. **Dalit Women:** *Updates on Selected Social andEconomic Indicators from Census 2011*. Paper presented in National Conference of Dalit Women.Feminist Dalit Organization (FEDO).

बनाउने काम र डोकाडाला बुन्नेकामलगायतलाई चटएकै छोडे । यसले दलित समुदायलाई शोषण मूलक प्रथाको अन्त्य गर्दै आफ्ना मौलिक सिप तथा प्रविधिहरूको विज्ञान र प्रविधिको प्रयोग मार्फत् आधुनिकीकरण गर्ने तर्फ प्रेरित गरेन । फलस्वरूप ग्रामीण क्षेत्रमा परम्परागत पेशालाई जीविकोपार्जनको माध्यम बनाएका दलितहरूलाई आर्थिक रूपमा अझ परनिर्भर बनायो । उनीहरूलाई झन्बढी भूदास र सवर्णहरूप्रति आश्रित बनायो । र, यस्ता पेशामा क्रमश सवर्णहरूकै हालीमुहाली हुन सुरू भयो ।

## २.७ खाद्य अधिकार :

अध्ययनहरू अनुसार नेपालको औषत खाद्यान्न प्रयाप्तता ७७ प्रतिशत रहेको छ भने दलित समुदायको सन्दर्भमा पहाडी र मधेशी दलितहरूमा क्रमश ५६.० र ५३. ७ प्रतिशत रहेको छ । जुन राष्ट्रिय औसतभन्दा निकै कम हो । यसले ४६ प्रतिशत मधेशी दलितहरूले वर्षभर दुई छाक पुरा खान पाउँदैनन् भन्ने देखाउँछ ।[१५] स्रोत र साधनहरूमाथिको पहूँचको अभाव, गरिबी, शिक्षाको अभाव र रोजगारीका प्रयाप्त विकल्प नहुँदा दलित समुदायको

15 NMSII

खाद्यअधिकार दिनानुदिन कुण्ठित हुँदै गएको छ ।

## २.८ स्वास्थ्य तथा सरसफाइमा पहूँच :

५३ प्रतिशत ब्राह्मण क्षेत्री महिलाहरूको तुलनामा ४३ प्रतिशत दलित महिलाहरूमोमात्र परिवार नियोजनका साधनहरूमा पहूँच छ । गर्भावस्थामा स्वास्थ्य चौकी जाने ६३.५ प्रतिशत ब्राह्मण क्षेत्री महिलारूको तुलनामा ४० प्रतिशतमात्र दलित महिला जाने गर्छन् । स्वास्थ्य संस्थामा सुत्तकेरी गराउने ब्राह्मण, क्षेत्री, जनजाति र दलित महिलाहरूको अनुपात क्रमश ४८.५, २९ र २६.४ रहेको छ । त्यस्तै आइरन चक्की लिनेहरूमा क्रमश ५१, ३५ र २८ प्रतिशत छन् । बालस्वास्थ्यतर्फ हेर्ने हो भने ब्राह्मण क्षेत्री समुदायका ९० प्रतिशत र दलित समुदायका ८६.४ प्रतिशतले सबैप्रकारका खोप लिने गरेका छन् । त्यस्तै पुड्को पनिमा पनि ब्रह्मण, क्षेत्री, जनजाति र दलितहरूको अवस्था क्रमश ३६.९, २४, ४१.२ र २७ प्रतिशत र दलितमा ४७.३ र ३४.८ देखिन्छ *( पाण्डे र अरू, २०१३)* । नवजात शिशु मृत्युदर र पाँच वर्ष मुनिका शिशु मृत्युदर दलित समुदायमा औसतभन्दा बढी छ र दलितहरूले समान कामको पनि अन्य कामदारको

तुलनामा कम ज्यालादर पाउँछन् । प्रत्यक्ष सामाजिक र आर्थिक विभेदको परिणमस्वरूप जातीय विभेद परम्परागत पेशासँग बलियो  रूपमा गाँसिएको छ । ३३.९ प्रतिशत पहाडी दलित बालबालिका र ३६.३ प्रतिशत मत्रेशी दलित बालबालिकाहरू कुपोषणका कारण कम तौलका छन् ।

नेपालमा ५५.५ प्रतिशतले आफ्नै आम्दानीबाट आफ्नो स्वास्थ्य उपचार खर्च व्यहोर्न सक्दैनन् त्यसमध्ये अधिकांश दलितहरू नै छन् । ६०.५ प्रतिशत पहाडी दलित र ६६.१ मधेशी दलितले आफ्नो आम्दानीले स्वास्थ्यउपचार गर्ने सक्दैनन् ।[१६] स्थानीय स्वास्थय संस्थामा उपचार गराउन जाँदा पहाडी दलित र मधेशी दलितहरूमध्ये क्रमश १४.६ र ४३ प्रतिशतले विभेद भोग्र्ने गरेका छन् । त्यसमध्ये पनि औसतमा ७२ प्रतिशत महिलाहरूले यस्तो समस्या भोग्र्ने गरेका छन् । मधेशी र पहाडी दलित महिलाहरूमध्ये क्रमश ७९ र ८५ प्रतिशतले  यस्तो विभेद भोग्र्ने गरेका छन् ।[१७]करिब ६० प्रतिशत दलित बालिकाहरूको १५

१६ Nepal Social Inclusion Survey (NSIS) 2012, Central Department of Sociology/Anthropology, TribhuvanUniversity, Nepal

१७ Nepal Demographic Heal Survey 2011.

वर्षअघि नै विवाह हुने गरेकाकारण मातृ शिशु स्वास्थ्य, गर्भपतन, घरेलु हिंसा र अन्य शोषणको मारमा परेका छन् ।१४.१ प्रतिशत मधेशी दलितकोमात्र सुरक्षित पिउने पानीको पहूँच छ ।[१८]दलित समुदायको ठूलो जनसंख्या सुरक्षित शौचालयको पहूँच बाहिर छन् । औषत राष्ट्रिय रूपमा ४७.७ प्रतिशतसँग सुधारिएको शौचालयको पहूँच भए पनि ५.५ प्रतिशत मधेशी दलित र ३०.६ प्रतिशत पहाडी दलितहरूको सुधारिएको शौचालयमा पहूँच छ ।[१९]

## २.९ बजेट विनियोजन तथा स्रोतहरूमाथि पहूँच :

नेपालमा छैटौं योजना अवधिदेखि महिला विकासलाई विकास योजनामा समावेश गर्ने परिपाटीको प्रारम्भ भए तापनि नवौं योजना अवधि (२०५४–२०५९) देखि मात्र लैङ्गिक समानता र सशक्तीकरण नीति अवलम्बन गरिदै आइएको छ । लैङ्गिक बजेटलाई संस्थागत गर्ने गरी २०६२ भाद्रदेखि अर्थ मन्त्रालयमा बजेट तथा कार्यक्रम महाशाखा प्रमुखको संयोजकत्वमा 'लैङ्गिक उत्तरदायी बजेट समिति' गठन गरिएको हो ।आ.व.२०६४/६५ देखि बजेटलाई

१८ NMSII

१९ राष्ट्रिय जनगणना, २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।

लैङ्गिक दृष्टिबाट प्रत्यक्ष उत्तरदायी, अप्रत्यक्ष उत्तरदायी र तटस्थका आधारबाट बजेटको मूल्यांकन गर्ने व्यवस्थाको थालनी गरिएको हो । स्थानीय स्वायत्त शासन ऐन र नियमहरूमा स्थानीय निकायहरूका जनप्रतिनिधिहरूमा महिला प्रतिनिधिको लागि आरक्षणको व्यवस्था गरिएको छ । त्यस्तै स्थानीय निकायहरूले समायोजन कोषमा रकम छुट्टाएपछि बांकी रहने रकममध्ये कम्तीमा १० प्रतिशत महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत रकम सामाजिक रूपले विपन्न वर्गमा लक्षित गरी विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको छ । तर, संघीय संरचनापछि तयार गरिएको बजेटले लक्षित वजेटलाई बेवास्ता गरेको छ ।

## २.१० अविभेद तथा समानता :

नेपाल सरकारद्वारा विधिवत रूपमा छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको एघारौं वर्ष पुगिसकेको छ । नेपालको संविधान, २०७२ कार्यन्वयनमा आइसकेको र जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ लागू भइसकेको ६ वर्ष पुगिसक्दा पनि जातीयताकै आधारमा

दलित समुदायले ज्यान गुमाउनु पर्ने[२०] र विस्थापित हुनुपर्ने[२१] अवस्था रहनुले सरकारले मानवअधिकारका अन्तर्राष्ट्रिय मूल्य–मान्यता, संविधान र राष्ट्रिय कानुनको

---

२० अध्ययनले ऐन कार्यान्वयनमा आइसकेपछि मात्र १६ जना दलितहरूले दलित भएकै कारण ज्यान गुमाउनु परेको देखाउँछ । विगत (२०६८–२०७३) सम्ममा मात्र जातीय विभेदका कारण २०६८ भदौमा दैलेखका सेते दमाई, २०६८ मंसिर २४ मा कालिकोट जुविथाका ९ का मनवीर सुनार, २०६८ माघ १६ मा सप्तरी पन्सेराका शिवशंकर दास, २०६९ असारमा बर्दिया बकलभारका रामबहादुर सार्की र रसुवा धैवुङका कुमार नेपाली, २०७३ मा काभ्रेका अजित मिजार र लक्ष्मी परियारले ज्यान गुमाएका थिए । त्यस्तै तनहुँकी संगीता परियारले आत्महत्या गरेकी थिइन् । राजेश नेपाली, पर्वत, २०७३ फागुन ७, माया तिरूवा, सिन्धुपाल्चोक, २०७३ वैशाख २०, तुलु सार्कीको हत्या, देवबहादुर विश्वकर्मा, दाङ, अगष्ट २९, २०१७, शर्मिला विके, भोजपुर, आमचोकको समेत हत्या भएको थियो । पछिल्लो समय २०७४ पुस ६ मा अर्घाखाँचीकी समिता नेपालीको बलात्कार पछि हत्या, कैलालीकी माया विकको २०७५ असार १२मा बलात्कारपछि हत्या, २०७५ जेठ १९ गते कालीकोट नरहरीनाथ गाउँपालिकाकी दलित महिला जनप्रतिनिधि मना सार्कीको हत्या र म्याग्दी अन्नपूर्ण गाउँपालिका तातोपानकी सविता नेपालीको हत्या भएको थियो ।

२१ **२०६९ असारमा धादिङको पीडा–५ मुलाखर्क गाउँमा दलित युवकले गैरदलित युवतीसँग अन्तरजातीय विवाह गरेपछि गैरदलितहरूको आक्रमणका कारण सिंगो दलित वस्ती नै विस्थापित भयो भने वि.सं. २०७० जेठमा रौतहटको भिमडावरमा दलितले मन्दिर प्रवेश गरी पूजा गरेको विषयलाई लिएर गैरदलित समुदायले दलितहरूको घर तोडफोड गरेर सिंगो वस्ति नै ध्वस्त बनाइदिए ।**

कार्यन्वयनमार्फत् नागरिएको आधारभूत मानवअधिकारको संरक्षण गर्ने नसकेको स्पष्ट हुन्छ ।

आज पनि अन्तरजातीय विवाहका घटनामा जोडीहरूले सामाजिक तथा पारिवारिक बहिष्करण, कुटपिट तथा गाउँ निकाला नै हुनु पर्ने अवस्था छ ।[२२]अर्न्तजातिय विवाहको मारमा सयौ दलित महिलाहरू घरवारविहिन हुनुपरेको तथ्यहरू बग्रेल्ती छन् । सरकारले आर्थिक वर्ष २०६६/०६७देखि अन्तरजातीय विवाह प्रवर्द्धनका लागि प्रोत्साहन रकम दिन सुरू गरेपनि आर्थिक वर्ष २०७०- ७१ देखि यो कार्यक्रम कार्यन्वयनमा छैन ।[२३]

मानवअधिकार उल्लङ्घनमा परेका दलित समुदायका लागि अझै पनि सरकारले पुनर्स्थापना र सामाजिक

---

२२ जागरण मिडिया सेन्टरले सन् २०१४–२०१५ मा गरेको (२००३–२०१३ घटनाको) एक अध्ययन अनुसार २४४ वटा अर्न्तजातिय विवाह भएकोमा १५७ दलित र बाहुन क्षेत्री समुदायबीच र ६१ वटा दलित र जनजातिबीच भएको देखियो र यस्तो अर्न्तजातिय विवाह मध्ये जनजाति र दलितबीच भएको अर्न्तजातिय विवाहमा दलित समुदायका युवा युवतीको गांउ निकाला र हत्या सम्म गर्ने खालको हिंसा व्योहर्नु परेको देखिन्छ ।

२३ नेपाल सरकारले प्रस्तूत गरेको आर्थिक वर्ष २०६६/०६७ को बजेट वक्तव्य मार्फत अन्तरजातीय विबाह प्रौत्साहन अनुदान वितरण कार्यक्रम अगाडि सारिएको थियो ।

पुनर्मिलनका कार्यक्रमहरू सञ्चालन गर्न सकेको छैन । समता फाउण्डेसनले गरेको एक अनुसन्धानअनुसार ऐन जारी भएपछिको अवधिमा हालसम्म जम्मा २३ जिल्लाहरूमा ४५ वटा जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित मुद्दाहरू दायर भएका छन् । ऐन अनुसार कसूर गरेमा अधिकतम तीन महिनादेखि तीन वर्षसम्म कैद वा एक हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्ने व्यवस्था भएपनि हालसम्म कसैलाई पनि कानुनबमोजिम कारवाही गरी न्यूनतम सजाय समेत गरिएको छैन ।

## २.११ प्रतिनिधित्व तथा सहभागिताः

नेपालको राजनीतिक इतिहासमा २०१५ सालदेखि २०४३ सालसम्मको अवधिमा ६ जना दलितहरूले राष्ट्रिय राजनीतिमा प्रतिनिधित्व गर्ने अवसर पाएका थिए ।[२४] त्यसैगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि जम्मा आठ जनाले राष्ट्रिय सभामा प्रतिनिधित्व गरेका

२४ शहर्षनाथ कपाली २०१५, धनमानसिंह परियार, २०१९, हरकुमार सिंह २०२४, हिरालाल विश्वकमा २०२८, ०३१ र ०३८, टिआर विश्वकर्मा २०३६ र टेकबहादुर विश्वकर्मा २०४३ले राष्ट्रिय पञ्चायतमा राजाद्वारा मनोनित भएका थिए ।

थिए ।[२५]त्यसैगरी अन्तरिम व्यवस्थापिका संसद २०६३मा ६ जना दलित महिला सहित १८ जना दलित सांसदहरूको प्रतिनिधित्व थियो ।[२६]वि.सं. २०४८ सालदेखि २०५७ सालसम्ममा तीन पटक निर्वाचन भएको थियो । त्यसमा २०४८ सालको निर्वाचनमा १३४५ निर्वाचित उम्मेदवार मध्ये ८० महिला थिए भने ती सबै महिला गैरदलित थिए । २०५१ को निर्वाचनमा १४४२ निर्वाचित उम्मेदवारमध्ये ८६ जनामात्र महिला थिए त्यसपटक पनि दलित महिलाको संख्या सुन्य थियो ।[२७]२०५६ को निर्वाचनमा पनि २२३८ कूल उम्मेदवारमा १४३ महिला थिए त्यसमा जम्मा २ जना दलित महिला थिए ।

नेपालको इतिहासमा २०६४ र २०७० को संविधान सभामा क्रमश ५० र ४० जना दलितहरूको प्रतिनिधित्व भयो । पहिलो र दोस्रो संविधानसभाको निर्वाचनमा क्रमश

---

२५ गोल्छे सार्की र दलसिंह कामी (२०४८), मनबहादुर विश्वकर्मा (२०५०), रत्नबहादुर विश्वकर्मा (२०५२), ऋषिबाबु परियार, बिजुल विश्वकर्मा, लालबहादुर विश्वकर्मा र रामप्रित पासवान (२०५६) सालमा राष्ट्रियसभामा मनोनित भएका थिए ।

२६ नेपालीमञ्च मासिक बैशाख/जेठ २०६३ ।

२७ नेपालको राष्ट्रिय राजनीतिमा दलितको प्रतिनिधित्व, नेपाल राष्ट्रिय दलित समाजकल्याण संघ, २०१२ ।

पहिलोमा १९७ र दोस्रोमा १७२ जना महिला निर्वाचित भएका थिए जसमध्ये पहिलो र दोस्रोमा क्रमश २५ र २१ जना दलित महिला थिए । तर, स्थानीय निर्वाचन ऐन २०७३ मा भएको व्यवस्थाले दलित महिलाहरूको प्रतिनिधित्वाई बढावा दिएको छ ।[२८]

सरकारी सेवामा दलित समुदायको निकै कमजोर सहभागिता रहेको छ । सरकारी सेवामा जम्मा १.९४ प्रतिशत दलित समुदायको सहभागिता रहँदा ब्राह्मण/क्षेत्री, जनजाति र मधेशीहरूको क्रमश ६२.५८, १९.५५ र १५.९३ प्रतिशत रहेको छ ।[२९]सरकारी सेवामा दलित समुदायका लागि आरक्षण कोटाको व्यवस्था गरिएता पनि सामाजिक आर्थिक अवस्था तथा विभेदका कारण उनीहरूको उल्लेख्य सहभागिता हुन सकेको छैन ।

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसंख्याको २८.८ प्रतिशत पहाडी बाहुन-क्षत्रीभित्र पुरूषको जनसंख्या करिब १४.४४ प्रतिशत हुन्छ । तर न्यायाधीशमा उनीहरू

२८ स्थानीय तह निर्वाचन ऐन २०७३ ले गाउँ पालिका र नगरपालिकाको वडामा निर्वाचित हुने दुई जना महिला मध्ये एक जना दलित महिला हुनु पर्ने समेत बाध्यात्मक व्यवस्था गरेको छ ।

२९ नीजामति कर्मचारी किताबखानाको कार्यालय, २०६३ ।

८५.४४ प्रतिशतभन्दा बढी छन् । एकै समुदायको एउटै लिंगका १४.४४ प्रतिशत जनसंख्याका न्यायाधीशले अन्य ८५ प्रतिशतभन्दा बढी जनसंख्याको मुद्दामा फैसला गर्छन् । यसले न्यायसेवामा एकल जातीय बर्चस्व रहेको तथ्य देखाउँछ । त्यस्तै न्यायको कर्मचारीतर्फ विशिष्ट श्रेणीमा शतप्रतिशत, प्रथम श्रेणीमा सरकारी वकिलमा ९६ प्रतिशत बाहुन-क्षत्री पुरूष छन् । बाँकी महिला, जनजाति, मधेसी, दलित, मुस्लिमको प्रतिशत लगभग शून्यमा गर्नेती गरे हुन्छ । न्याय सेवामा प्रथम श्रेणीमा २ जना बाहुन-क्षत्री महिला गरी ७८ प्रतिशत र द्वितीय तृतीय क्षेणी सरकारी वकिलमा समेत ९० प्रतिशतभन्दा बढी बाहुन-क्षत्रीकै प्रभुत्व छ । यसले कानुन र संविधानको ठाडो उल्लंघन भएको देखाउँछ ।[३०]

न्याय परिषद्ले २०७३ पुस २८ गते अधिकृत ११, जिल्ला न्यायाधीश ३४, तत्कालीन पुनरावेदन अदालतका

३० जिल्ला, उच्च वा सर्वोच्च अदालतमा न्यायपरिषद् ऐन, २०७३ तथा न्यायसेवा आयोग ऐन, २०७३ मा न्यायपरिषद्ले संविधानको अधीनमा रही समानुपातिक समावेशी सिद्धान्त बमोजिम न्यायाधीश नियुक्ति गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था छ । नेपालको संविधान २०७२ मा पनि राज्यका सबै निकायमा समानुपातिक समावेशीको सिद्धान्त सहभागिताको अधिकारलाई मौलिक हकमा राखिएको छ ।

पूर्व अतिरिक्त न्यायाधीश १० र वरिष्ठ अधिवक्ताबाट २५ गरी ८० जनालाई उच्च अदालतको न्यायाधीश पदमा नियुक्ति एवं पदस्थापनका लागि सिफारिस गर्यो । त्यसमा समावेशीका नाममा महिला ४, मधेसी ४, जनजाति ८, दलित १, थारू १ र मुस्लिम १ जनालाई मात्रै नियुक्तिका लागि सिफारिस गरियो । न्यायपरिषद् सचिवालयको वार्षिक प्रतिवेदन २०७२/७३ अनुसार सर्वोच्च, उच्च र जिल्लामा ३ सय ७७ न्यायाधीश कार्यरत छन् । उच्च र सर्वोच्च अदालतमा ११ जना अर्थात २.८९ प्रतिशत महिला न्यायाधीश छन् भने दलित समुदायबाट ०.५३ प्रतिशत मात्रै उपस्थिति छ । नेपालमा करिब ५ प्रतिशत जनसंख्या रहेका मधेसी दलित समुदायबाट कुनै न्यायाधीश बनेको भेटिंदैन । मधेसी, दलित, मुस्लिम र थारू समुदायबाट महिला न्यायाधीश बनेको इतिहास छैन । जनजाति समुदायका महिला न्यायाधीश नगर्नेय छन् । बाहुन-क्षत्री महिलाको संख्या बढ्दो छ ।

# अध्याय ३

# सूचना संकलन तथा घटना अभिलेखीकरण

मानवअधिकारसम्बन्धी घटना दस्तावेजीकरणमा यस्ता संवेदनशील मुद्दाहरू उठाइन्छ, जसमा मानिसको जीवन, जीवनस्तर र आत्मसम्मान गाँसिएको हुन्छ । त्यसैले मानवअधिकारकर्मीले जुन व्यक्ति वा घटनाको बारेमा लेख्ने हो त्यो व्यक्ति वा घटनामा समानुभूति हुनुपर्छ ।

उदाहरणको लागि जातीय विभेदका कारण कुनै दलितले डेरा पाएन वा बसिरहेको डेरा छोड्नु परेको छ भने मानवअधिकारकर्मीले आफूलाई उक्त दलितको ठाउँमा राखेर हेर्नु आवश्यक हुन्छ । जातकै कारण आफूले कोठा नपाउँदा कस्तो अपमान अनुभव हुन्छ ? के दलित परिवारमा

जन्मनु अपराध हो ? न्याय पाउनको लागि कस्तो बाटो अपनाउने ? यी प्रश्नहरू मानवअधिकारकर्मीले आफैलाई सोधेर तथ्यहरू सङ्कलन गर्नु पर्छ । विषयवस्तुको खोजी गर्ने विशिष्ट कला, मानवअधिकार सम्बन्धी प्रयाप्त ज्ञान र तथ्यहरूलाई मानवअधिकारको दृष्टिकोणबाट प्रस्तुत गर्ने बेजोड कला चाहिन्छ । सामान्यतया मानवअधिकारसम्बन्धी घटना अध्ययनका लागि देहायबमोजिमका उपायहरू अपनाउनु आवश्यक हुन्छः-

## ३.१ सवाल वा विषयवस्तुको पहिचान :

घटना अध्ययनका लागि सबै भन्दा पहिला त कुन मुद्दा उठाउने र उक्त मुद्दामा पनि कुन पक्षलाई प्राथमिकता दिने भन्ने कुरामा प्रष्ट हुनु पर्छ । त्यसपछि घटना अध्ययनको उद्देश्यबारे पनि प्रष्ट हुनु पर्छ । उद्देश्य भन्नाले उक्त घटना अध्ययन किन गर्नु परेको हो ? के सन्देस दिन खोजिएको हो ? त्यसले लक्षित व्यक्ति वा समुदायलाई के प्रभाव पार्छ ? सरोकारवाला निकायलाई कत्तिको जवाफदेही बनाउन सकिन्छ ?यी प्रश्नहरू आफैलाई सोध्ने र त्यसमा आफू प्रष्ट भएपछि अन्य तयारीमा जुट्दा राम्रो हुन्छ ।

## ३. २. लक्षित वर्गको पहिचान :

आफूले तयार गरेको सामग्री सबैको लागि हो भन्ने सोंच पालेर कतिपय मानवअधिकारकर्मी आफै भ्रममा हुन्छन् । वास्तवमा कुनै पनि घटना अध्ययन सबैको उपयुक्त नहुन सक्छन् । उदाहरणका लागि वयस्कहरूको लागि तयार गरिएको सामग्री बालबालिकाको लागि प्रयोजनविहीन हुन्छन् । बरू त्यसले बालबालिकामा तनाव र डर पैदा गर्न सक्छ । त्यसैले सबैको लागि होइन, निश्चित समुदाय, भूगोल, उमेर समूह, लिङ्ग इत्यादिलाई लक्षित गरेर घटना अध्ययन तयार गर्नु पर्छ । तर यसो भन्दैमा लक्षित वर्ग बाहेकले घटना अध्ययन गरिएको सामग्रीलाई पढ्दैनन्, सुन्दैनन् वा हेर्दैनन् भन्ने होइन । उनीहरू पनि त्यस्ता सामग्रीबाट लाभान्वित हुन सक्छन् ।

## ३.३ घटना अध्ययनको प्रभावः–

**अधिकारबारे जागरूकः** मानवअधिकारकर्मीले वस्तुस्थिति बुझेर प्रभावितहरूको अवस्था बाहिर ल्याउने काम मात्रै गर्दैनन् उनीहरूको त्यस्तो अवस्था किन भयो? त्यसको लागि को जिम्मेवार छ ? त्यसलाई हल गर्न जवाफदेही को हो र त्यो अवस्थाबाट पार पाउनको लागि

आफ्ना कस्ता अधिकारहरू राष्ट्रिय कानुनन, संविधान र अन्तर्राष्ट्रिय कानुनमा सुनिश्चित गरिएका छन् भन्ने जानकारी दिने काम गर्छन् । वास्तवमा मानवअधिकारकर्मीले मानवअधिकार शिक्षाको ज्ञान दिएर प्रभावितहरूलाई आफ्नो अधिकारबारे जागरूक बनाउने काम गरिरहेका हुन्छन् ।

**सशक्तीकरण:** सूचनाले मानिसलाई सशक्त बनाउँछ । जहाँ सूचनाको सहज पहुँच हुन्छ, त्यहाँ अधिकारका लागि मानिसहरूले आवाज पनि बुलन्द रूपमा उठाउँछन् । आफ्नो अधिकारबारे जानकार भएपछि मात्र प्रभावितहरूले सरोकारवाला निकायमा आफ्नो अधिकारलाई स्थापित गर्नका लागि अनुरोध, दबाव वा शक्तिको प्रयोग गर्छन् । विगतमा उनीहरूको आवाज सुनिदैन थियो भने अब उनीहरूको आवाज सरोकारवालाहरूले सुन्न थाल्छन् र उनीहरूको समस्यालाई सम्बोधन गर्ने प्रक्रियाको सुरूवात हुन सक्छ ।

**अनुकरण:** एक ठाउँका मानवअधिकार उल्लङ्घनका पीडित पक्षहरूले अर्को ठाउँका पीडितहरूको समस्या र ती समस्याहरूसँग जुझ्न र सामना गर्न उनीहरूले के-के उपायहरू अपनाए भन्ने कुराहरू थाहा पाउँछन् । ती उपायहरू आफ्नो सामाजिक परिवेशमा कसरी उपयोग गर्न

सकिन्छ भनेर उनीहरू आफैले खोजी पनि गर्छन् । यस्तो खोजी गर्न मानवअधिकारकर्मीले उत्प्रेरकको भूमिका निर्वाह गर्न सक्छन् । यसरी प्रभावितहरूले एकअर्काबाट शिक्षा र अनुभवको अनुकरण गरेर लाभान्वित हुन सक्छन् ।

**परिवर्तनः** मानवअधिकार उल्लङ्घन भएकाहरूलाई लक्षित गरेर घटना अध्ययन गर्न सुरू गरेपछि हिजो उनीहरूको जे अवस्था थियो त्यो आज रहदैँन र आज जे अवस्था छ त्यो भोलि रहदैँन । अधिकार, सशक्तीकरण र अनुकरणबाट उनीहरूले आफूलाई निरन्तर परिमार्जन गर्दै जान्छन् ।  मानौं कुनै ठाउँमा सहभोज गरेर समुदायले जातीय विभेद हटाउने प्रयत्न गरेको छ भने त्यसको सिको गर्दै अर्को ठाउँका मानिसहरूले पनि त्यस्तै क्रियाकलाप गर्न सक्छन् । भोलि अन्तरजातीय विवाह गर्ने जोडीलाई फूलमाला लगाइदिएर गाउँमा अभिनन्दन गर्ने वातावरणको सिर्जना हुन सक्छ । र ,यही अभ्यास अर्को ठाउँम सुरू हुन सक्छ । यसरी प्रभावितहरूलाई नै लक्षित गरेर घटना अध्ययन गर्दा व्यवहारगत परिवर्तन अवश्य हुन्छ ।

## ३.४ घटना अध्ययनको तयारी

**पूर्व योजनाः** घटना अध्ययन कहाँ, कहिले र कसरी गर्ने भन्ने कुराको योजना बनाउनु सामान्य कुरा हो । यो सँगै घटना अध्ययनको कथा कसरी सुरू गर्ने, मध्यमा के राख्ने र अन्त्य कसरी गर्ने भन्ने कुराको योजना बनाइयो भने तयारी अझ राम्रो हुन्छ । घटना अध्ययनमा जानु पूर्व नै कथाको मोटामोटी खाका र शैली तयार गरियो भने कसलाई भेट्ने, के सोध्ने, के गर्ने भन्ने कुरा कथाले नै माग गर्छ । उक्त योजनाअनुसार काम गर्दा समय, स्रोत र साधनको पनि बचत हुन्छ । त्यसैले योजनालाई कहिल्यै बेवास्ता गर्नु हुदैन ।

**फर्म्याटः** घटना अध्ययनको पूर्वतयारी गर्दा कुन फर्म्याटमामा प्रस्तुत गर्ने हो भन्ने कुरामा समेत ध्यान दिनु पर्छ । सिधा ढंगले तथ्यहरूको रूपमा संप्रेषण गर्ने हो कि अन्तर्वार्ता ? खोजी घटना अध्ययन तयार गर्ने हो ? वा अरू कुनै ? यसको तयारी गर्दा समय, स्रोत र साधनको व्यवस्थापनमा समेत सहयोग पुग्छ ।

**मानवअधिकारका दस्तावेजहरूबारे ज्ञानः** मानवअधिकारकर्मीलाई मानवहधीकारका अन्तर्राष्ट्रिय मूल्य

र मान्यता, राष्ट्रिय संविधान, कानुन, संस्थागत संरचना र नीतिगत व्यवस्थाबारे अनिवार्य रूपमा जानकारी राख्नै पर्छ । मानवअधिकारसम्बन्धी घोषणापत्र, महासन्धि, अनुबन्ध, संयुक्त राष्ट्रसङ्घका दस्तावेज र राष्ट्रहरूको दायित्वबारे अनिवार्य रूपमा जानकार हुनै पर्छ । राज्यले पुरा गर्नु पर्ने उत्तरदायित्व थाहा भएमा मात्रै राज्यका निकायहरूलाई जवाफदेही बनाउन सकिन्छ ।

**अनुसन्धानः** जुन विषयमा घटना अध्ययन गर्न लागिएको हो त्यस विषयवस्तुसँग सम्बन्धित जे भेटिन्छ त्यसलाई पढ्नु, हेर्नु र सुन्नु अनुसन्धानका लागि सहज उपाय हो । पत्रिका, टिभी र रेडियोमा उक्त विषयसँग सम्बन्धित कुराहरू प्रकाशन र प्रसारण भएका छन् भने त्यसलाई छुटाउनु हुदैन । त्यस्तै उक्त विषयवस्तुसँग सम्बन्धित वैज्ञानिक जर्नलहरू, विभिन्न संस्थाहरूले तयार गरेका प्राज्ञिक प्रतिवेदनहरू समेतको अध्ययन गरी महत्त्वपूर्ण कुराहरू टिपोट गर्ने बानी बसाल्नु राम्रो हुन्छ ।

**पूर्वसाहित्य अध्ययनः** यो पनि अनुसन्धानकै पाटो हो । आफूले गर्न खोजेको घटना अध्ययनमा पहिले नै अरू कसैले घटना अध्ययन गरिसकेका हुन सक्छन् । त्यस्ता सामग्रीहरू अहिले गर्न खोजिएको घटना अध्ययनको

लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोग हुन सक्छन् । उक्त घटना अध्ययन कसरी टुङ्गिएको छ र त्यो भन्दा थप के गर्न सकिन्छ ? त्यसमा अरू के-के कुराहरू समेटेर विषयवस्तुमा नवीनता ल्याउन सकिन्छ ?घटना अध्ययनका ती उदाहरणहरू हेरेर र सबल र कमजोर पक्षको मूल्याङ्कन गरी आफ्नो घटना अध्ययनलाई अझ धारिलो बनाउन समय खर्चनु पर्छ ।

**उत्पीडनको ऐतिहासिक अध्ययनः** मानवअधिकारकर्मीले इतिहासको अध्ययन गर्नु अझ महत्त्वपूर्ण छ । यसको अभावमा धेरै जसो घटना अध्ययनहरू पूर्वाग्रही र अपूर्ण हुन्छन् । उदाहरणको लागि दलितबारे लेख्नेमध्ये कतिपयले दलितहरूले पढेका हुदैनन् त्यसैले पछि परेका हुन् भनेर लेखिरहेका हुन्छन् । तर, इतिहासको अध्ययन गर्दा दलितहरूलाई पढ्न नदिएको, सम्पत्ति जोड्न नदिएको, आफूले रोजेको पेसा गर्न नदिएको जस्ता दर्दनाक तथ्यहरू फेला पर्छन् । यी कारणहरूले दलितहरू गरिवर अशिक्षित भएका हुन् भन्ने कुरा बुझाउने काम इतिहास सम्बन्धी अध्ययनले गर्छ । महिलाको सवालमा पनि त्यही हो । महिलाहरू रहरले पछि परेका होइनन् पितृसत्तात्मक सामाजिक संरचनाले पछि पारेको हो भन्ने

ऐतिहासिक तथ्य बुझेपछि महिलाको सवालमा सही घटना अध्ययन हुन्छ ।

**आलोचना तथा समालोचनाः** मानवअधिकारका कतिपय विषयमा प्रशस्त आलोचना र समालोचना भएका हुन सक्छन् । उदाहरणको लागि 'मुस्लिम महिलाहरूमा विद्यमान बुर्का प्रथा'लाई लिन सकिन्छ । यस्तो अवस्थामा एकथरी महिला मानवअधिकारवादीहरूले बुर्का प्रथालाई गलत ठहर्‍याएका हुन सक्छन् भने सोही प्रथाको पक्षमा उभिनेहरूले पनि विभिन्न तर्कहरूपेस गरेका हुन सक्छन् । दुवै पक्षका तर्कहरू सुनेर घटना अध्ययन गर्दा आफ्नो समाग्रीलाई अझै ओजपूर्ण बनाउन सकिन्छ ।

**जानकार वा विशेषज्ञसँग परामर्शः** मानवअधिकारकर्मीलाई सबै कुरा थाहा हुन्छ भन्ने छैन । त्यसैले घटना अध्ययनका क्रममा चुरो कुरो पक्रन नसक्दा कहिले काहीँ त्रुटी हुन सक्छ । त्यसैले सम्भावित गल्तीबाट बच्न विषयसँग सम्बन्धित जानकार वा विशेषज्ञसँग परामर्श गर्दा राम्रो हुन्छ । जसरी मानवअधिकारसम्बन्धी घटना अध्ययनमा तपाईंले सहयोग लिने अन्य विषयका विशेषज्ञ जानकार हुदैनन् त्यसै गरी उनको विषयमा तपाईं पनि जानकार नहुनु स्वभाविक हो ।

**स्रोत व्यक्तिहरूको सूचीः** मानवअधिकारका विभिन्न मुद्दाहरू छन् । जातीय विभेद, लैङ्गिक हिंसा, अपाङ्गता, बालबालिका, शिक्षा, स्वास्थ्य जस्ता विषयहरू मानवअधिकारका विषयवस्तुहरू हुन् । यी विषयहरूमा अध्ययन, अनुसन्धान तथा विभिन्न तरिकाले काम गरिरहेका व्यक्तिहरूसँग सम्बन्धित विषयको अनुभव र ज्ञान दुवै हुन्छ । त्यसैले प्रत्येक विषयका स्रोत व्यक्तिहरूको सूची र सम्पर्क नम्बर तयार गरी सुरक्षित राख्नु पर्छ । चाहिएको बेला उनीहरूसँग परामर्श गर्नका लागि र घटना अध्ययनमा उनीहरूको भनाई उद्धरण गर्नका लागि यो कार्य महत्त्वपूर्ण छ ।

**सरकारी तथा गैरसरकारी संस्थाको पहिचानः** मानवअधिकारका विभिन्न मुद्दाहरूमा सरकारी तथा गैरसरकारी क्षेत्रबाट निरन्तर काम भइरहेको छ । उनीहरू सूचनाका स्रोत हुन् । उनीहरूसँगको सम्पर्कबाट मानवअधिकारका नयाँ–नयाँ घटनाहरूसँग साक्षात्कार गर्ने अवसर मिल्छ जुन घटना अध्ययनको लागि महत्त्वपूर्ण कुरो हो । तर आफ्नो पेशागत मर्यादाभित्र रहेर उनीहरूसँग निश्चित दुरी कायम गरी काम गर्नु पर्छ ।

**सूचनाको जाँचः** मानवअधिकारकर्मीलाई विभिन्न स्रोतहरूबाट अनेकौं सूचनाहरू आइरहेका हुन्छन् । कतिपयले विषयवस्तुलाई अनावश्यक किसिमले उचाल्ने हिसाबले गलत सूचना पनि दिइरहेका हुन्छन् । त्यसैले घटना अध्ययनका क्रममा ती सूचनाहरू सत्य हुन् कि होइनन् भनेर जाँच गर्नु पर्छ ।

**तथ्य र तथ्याङ्कः** तथ्य तथ्याङ्कको जानकारी राख्ने बानी मानवअधिकारकर्मीले गर्नु पर्छ । यस्तो जानकारी विना गरिने प्रश्न वजनदार हुँदैन र जवाफ दिने मान्छेले पनि सहजै पन्छिने मौका पाउँछ । तपाईंले लिएका तथ्य र तथ्याङ्कहरू पुरानो हुन् कि नयाँ हुन् भन्नेमा सँधै चनाखो रहनु पर्छ । परिस्थितिहरू बदलिएका हुन सक्छन् र तथ्य र तथ्याङ्कहरू बासी भइसकेका हुन सक्छन् । यस्तो अवस्थामा पछिल्लो तथ्य र तथ्याङ्कको खोजी गर्नु पर्छ ।

## ३.५ व्यवहारिक ज्ञान

आफूले जानेका कुराहरूलाई काम गरेर देखाउन व्यवहारिक ज्ञानको आवश्यकता पर्छ । सैद्धान्तिक ज्ञान मात्रै भएर पुग्दैन । मानवअधिकारबाट वञ्चित व्यक्ति

वा समुदायको बारेमा घटना अध्ययन गर्नु पर्ने हुनाले पीडितको मनोविज्ञान र उनीहरूले भोगिरहेको अवस्थाबारे आफू जानकार भएमा घटना अध्ययन गर्न सजिलो हुन्छ । आफ्नो तथा घटना अध्ययन गर्न खोजिएको व्यक्ति वा समुदायको सुरक्षा, घटना अध्ययनमा बाधा उत्पन्न गराउन सक्ने तत्वहरू, गाँस र वासको उपलब्धता, अप्ठ्यारो परेमा नजिकको सुरक्षा निकाय, स्वास्थ्यमा समस्या आएमा नजिकको अस्पताल, आफ्नो अवस्थाबारे जानकारी दिइरहन कार्यालयको सम्पर्क व्यक्ति आदिबारे सम्पूर्ण योजना बनाएर जानु पर्छ । त्यसमाथि 'स्टोरी'लाई मानवअधिकारको दृष्टिकोणबाट उठान गर्ने ज्ञान त अत्यावश्यक हुन्छ नै । मानवअधिकारमा आधारित घटना अध्ययनका लागि देहायका विधिहरूलाई अवलम्बन गर्नु आवश्यक हुन्छः–

**घनिष्ठताः** जसको बारेमा घटना अध्ययन गर्ने हो उसँग मित्रवत सम्बन्ध स्थापित गर्नु पर्छ र उसको विश्वासपात्र बन्नु पर्छ । पीडितको सबै कुरा धैर्यतापूर्वक सुनिदिनु पर्छ । उसको आत्म सम्मानमा ठेस नपुग्ने गरी कुराकानी गर्नु पर्छ र उसँगै प्रशस्त समय बिताउनु पर्छ । घनिष्ठ हुन कतिपय सवालमा लिङ्ग, भाषा, जात, समुदाय लगायत कुराले पनि महत्त्वपूर्ण भूमिका खेल्छ । मानौं

बलात्कार पीडित महिलाबारे घटना अध्ययन गर्नु छ भने त्यहाँ पुरूष भन्दा महिला मानवअधिकारकर्मीसँग पीडितले घनिष्ठता महसुस गर्ने गर्छन्, जसले गर्दा घटना अध्ययन सहज बन्छ ।

**सूसुचित अनुमतीः** जसको बारेमा घटना अध्ययन गरिने हो उसँग अनिवार्य अनुमती लिनु पर्छ । कतिपय मानिसहरूलाई घटना अध्ययन भएपछिको परिणाम थाहा नहुन सक्छ र यसबारे जानकार नभइकनै अनुमती दिएका हुन सक्छन् । त्यसैले उनीहरूलाई पहिले नै घटना अध्ययनको उद्देश्य, घटना अध्ययनमा उनीहरूबारे के-के भनिन्छ  र घटना अध्ययनपछि हुनसक्ने सम्भावित परिणाम के हुन सक्छ भन्नेबारे जानकारी दिनु पर्छ । परिणामबारे सुसूचित भएर दिएको अनुमतीलाई मात्रै वास्तविक अनुमती मानिन्छ । बालबालिका तथा मानसिक  रूपमा असक्तहरूबारे घटना अध्ययन गर्दा त झन अभिभावक वा संरक्षकको अनुमती लिनै पर्छ, किनभने उनीहरूले आफ्नोबारेमा आफै निर्णय लिन सक्दैनन् ।

**पूर्वाग्रहबाट मुक्तः** मानवअधिकारकर्मीहरूका पनि आ-आफ्नै आस्था, विश्वास र मान्यताहरू हुन सक्छन् । जसले गर्दा कतिपय विषयमा स्वयंले नकारात्मक धारणा

बनाएका हुन सक्छन् । जात, धर्म, लैङ्गिकता इत्यादिका सवालमा पनि पूर्वाग्रह हुन सक्दछ । यदि त्यस्तो छ भने ती पूर्वाग्रहहरूलाई एकातीर राखेर मानवअधिकारलाई मूल मर्म ठानी घटना अध्ययन गर्नु पर्छ ।

**सामाजिक मूल्य र मान्यताको सम्मानः** घटना अध्ययन गर्न जाँदा सम्बन्धित ठाउँको सामाजिक मूल्य र मान्यतालाई ध्यानमा राखेर काम गर्नु पर्छ । समाजमा आफ्नै परम्परा, विश्वास र अभ्यासहरू प्रचलित हुन्छन् । त्यसलाई सम्मान गर्दै कसैको आत्मसम्मानमा चोट नपुग्ने गरी व्यवहार गर्नु पर्छ । मानौं, कुनै समाजमा महिलाहरूलाई नचिनेको पुरूषसँग बोल्न छुट रहेनछ भने उक्त परम्परालाई हाँक दिन्छु भन्नु भन्दा महिला मानवअधिकारकर्मीलाई घटना अध्ययनमा पठाउनु बेस हुन्छ ।

**बोल्न सक्ने वातावरणः** जोसँग कुरा गर्ने हो उसलाई डर, त्रास र संकोचबाट मुक्त हुने गरी बोल्ने वातावरणको सिर्जना गर्नु पर्छ । पीडितले धेरै मान्छेको अगाडि वा खतरा उत्पन्न गराउन सक्ने मान्छेको अगाडि आफ्ना कुरा नखोल्न सक्छ । त्यस्तै महिलाले वा बालबालिकाहरूले अपरिचित पुरूष मानवअधिकारकर्मीसँग आफ्नो कुरा भन्न संकोच मान्न सक्छन् । यस्तो अवस्थामा

पीडितलाई सुरक्षित स्थानमा वा उसले विश्वास गर्ने मान्छेसँग राखेर, महिलासँग महिला नै बसेर र बालबालिकाको हकमा उनीहरूले रोजेको मान्छे वा अभिभावकसँग राखी सहजतापूर्वक बोल्ने वातावरण तयार गर्नु पर्छ ।

**गोपनीयताः** संवेदनशील विषय जस्तै घरेलु हिंसा, बलात्कार, एचआइभी/एड्स लगायतबारे घटना अध्ययन गर्दा गोपनीयतामा ध्यान दिनु पर्छ । अन्यथा पीडितलाई थप पिडा हुन सक्छ । परिचय खुलेपछि समाजमा टिक्न झन् गाह्रो हुन सक्छ । त्यसैले पीडितको नाम र ठेगाना गोप्य राख्ने, स्वरलाई नचिनिने गरी बदल्ने, अनुहार धमिलो बनाएर नचिनिने बनाउनु पर्छ । त्यस्तै सूचना दिने मान्छेले आफ्नो परिचय गोप्य राख्न चाहेमा उसको परिचय पनि खुलाउनु हुँदैन ।

**सुरक्षाः** घटना अध्ययनले कसैलाई पनि सुरक्षा चुनौती वा ज्यान जोखिममा पर्ने खतरा उत्पन्न हुनु हुदैन । घटना अध्ययनले सम्बन्धित महिला, बालबालिका, दलित वा जो सुकै पीडितलाई विस्थापित हुनु पर्ने, कुनै पनि किसिमको आक्रमणको सामना गर्नु पर्ने वा अरू नै किसिमका खतरा उत्पन्न हुन सक्छन कि भनेर सजग रहनु पर्छ । जसबारे घटना अध्ययन गरिदैछ उसको सुरक्षाबारे

मानवअधिकारकर्मी जिम्मेवार हुनु पर्छ । मनमा सँधै राख्नु पर्छ कि आफूले गरेको घटना अध्ययनका कारण कसैलाई खतरा उत्पन्न नहोस् ।

**सहभागिताः** मानौं, तपाई कुनै समुदायको बारेमा घटना अध्ययन गर्न जानु भएको छ भने त्यहाँका महिला, बालबालिका, जेष्ठ नागरिक, धनी, गरिवसबैको विचार र अनुभूति सुन्नुहोस् । एउटै विषयवस्तुमा कुरा गर्दा पनि धेरै जनाको सहभागितामा भयो भने नौला-नौला दृष्टिकोणहरू फेला पर्छन् जुन झन् चाखलाग्दा हुन सक्छन् । अनि समस्या समाधानको सुत्रहरू पनि उनीहरूसँग हुन सक्छ, जुन उनीहरूको अनुभवबाट आएको हुन्छ । धेरैजसो समाधानको बाटो समुदायको मनोभावना नबुझिकनै खोजिन्छन् र त्यो प्रत्युत्पादक हुन्छ । त्यसैले सबैको सहभागितालाई प्राथमिकता दिनु पर्छ ।

**मानवअधिकारसँग जोड्नेः** घटना अध्ययन गरिएका मुद्दामा मानवअधिकार कसरी जोडिन्छ भनेर सबैलाई थाहा नहुन सक्छ । जुन व्यक्ति वा समुदायको बारेमा घटना अध्ययन गरिदैछ स्वयं उनीहरूलाई पनि आफ्नो अधिकार के हो भन्नेबारे थाहा नहुन सक्छ । उनीहरूलाई आफ्नो अधिकारबारे बुझाउने गरी घटना

अध्ययन गर्नु मानवअधिकारकर्मीको दायित्व हो ।

**सशक्तीकरणः** मानवअधिकारकर्मीले मानिसहरूलाई आफ्नो अधिकारबारे शिक्षामूलक सामग्री दिन निरन्तर प्रयासरत रहनु पर्छ । आफ्नो वा अरूको मानवअधिकार रक्षाको लागि कहाँ जाने ? कसलाई सम्पर्क गर्ने ? आफूले कस्तो सहयोग पाउन सकिन्छ ? इत्यादि कुराहरूबारे उनीहरूले सूचना पाए भने व्यक्ति र समुदायको सशक्तीकरणमा टेवा पुग्छ ।

**जवाफदेहिताः** आफूले घटना अध्ययन गर्न लागेको मुद्दामा संयुक्त राष्ट्रसङ्घीय महासन्धि, अनुबन्ध आदिमा  सरकारले कहाँ कहाँ प्रतिवद्धताहरू पुरा गरेको छैन नोट गर्नु पर्छ । किनभने राज्यले आफूले हस्ताक्षर गरेको दस्तावेजमा उल्लेख भएका प्रतिवद्धता पुरा गर्न सरकारको लागि बाध्यकारी हुन्छ । त्यसलाई उल्लेख गरेर घटना अध्ययन गरे राज्यका निकायहरूलाई जवाफदेही बनाउन सकिन्छ ।

**घटना अध्ययनको शैलीः** घटना अध्ययन गर्दा वर्णनात्मक शैली अपनाएर जीवन्त दृश्य देखाइदिनुपर्छ । कोही मानिसलाई गरिवभनी विशेषण लगाइदिनुका सट्टामा

उसको कुन-कुन अवस्था देख्दा तपाईंलाई उ गरिवहो जस्तो लाग्यो त्यसको वर्णन गरिदिनुपर्छ । कुनै अवस्थालाई जीवन्त ढंगले बताउनका लागि जे देख्यो सोही कुराको वर्णन गरिदिनुपर्छ । त्यो देख्दा आफूलाई जे लाग्यो (गरिब, विचरा, दुखित आदि) बताउने होइन ।

**गतिविधिहरूको टिपोटः** मानवअधिकार उल्लङ्घनका दर्दनाक, भयानक, दुःखलाग्दा कुरा सुन्नु, देख्नु र भोग्नुपर्ने हुन सक्छ । यस्तो अवस्थामा धेरै मानवअधिकारकर्मी बहकिन्छन् र आफूलाई चाहिने जानकारी टिप्न भुल्छन् । यस्ता बेलामा पनि आफूले कुरा गरेका मानिसका नाम र उनीहरूका सम्पर्क-सूत्र टिप्न भुलें कि भनी याद गर्नुपर्छ । पछि अपिसमा फर्किइसकेपछि उसको नाम केहो भनी पत्ता लगाउन कठीन हुन्छ । आफू पुगेको ठाउँ घुम्नुस् र आफूले देखेका सबै कुरा (रङ, आवाज, मानिसका काम, आवेग, संवेग आदि) नोटबुकमा टिप्नुस् ।

**हाउभाउ तथा शैलीः** मानवअधिकारकर्मीको बोलीको शैली र शरीरको चालढालले असर पार्छ । पीडित व्यक्तिले तपाईंले सोधेको कुरा ढिलो गरी बुझ्न सक्छ, एकै पटकमा कुरा नबुझ्न सक्छ । उसले चाँडै बिर्सन सक्छ ।

पीडितहरूलाई समानुभूति देखाउने खालको हाउभाउ गर्नुपर्छ । अलिकति अगाडि झुकेर प्रश्न सोध्दा आफू आत( मीय भए जस्तो देखिन्छ । हात बाँध्नु अथवा एउटा खुट्टा अर्को खुट्टामाथि राख्नुलाई राम्रो मानिँदैन ।

**रूवाइः** आफूले कुरा गरिरहेको मानिस रोयो भने अनर्थ भयो भनिहाल्न हुँदैन । अनर्थ नभएको पनि हुन सक्छ । उसलाई धेरै मानिसको अगाडि रूँदा लाज लाग्यो अथवा अपमानित भए झैं लाग्यो भने अलि एकान्त ठाउँमा लैजानुपर्छ । पहिलेकै ठाउँमा ठीकै छ भन्यो भने कुराकानी अघि बढाए हुन्छ । उसको पाखुरा समाइदिंदा पनि उसलाई सजिलो लाग्न सक्छ तर यो कुरा उसको उमेर र लिंगमा पनि भर पर्छ । उसलाई सान्त्वना दिने खालका कुरा गर्दा पनि राम्रो हुन सक्छ । उसको कुरा अरूले किन थाहा पाउनुपर्छ भनी बताउँदा पनि सहयोग पुग्छ ।

**प्रश्नहरूः** तपाईंलाई कस्तो लागेको छ ? भन्ने जस्ता प्रश्न सोध्नुहुँदैन । कहिलेकाहीं घुमाउरो पाराले सोध्दा राम्रो हुन्छ । जस्तै, "त्यो घटना कसरी भयो ?" तपाईंलाई कस्तो लागेको छ भन्ने कुरा मलाई थाहा छ जस्ता कुरा पनि गर्नुहुँदैन । किनभने उसलाई कस्तो लागेको छ भन्ने कुरा हामीलाई थाहा हुँदैन । उसलाई

आफ्ना विचार व्यक्त गर्न सजिलो बनाउनुपर्छ । उसले बोलेका कुरा राम्रोसँग सुन्नुपर्छ । उसले बोलेका बेलामा जान्ने भएर प्याच्च (ओहो, यस्तो भयो होला है, भाग्यले ठगेछ आदि) बोल्नुहुँदैन । यस्तो अवस्थामा आफू चूप लाग्दा राम्रो हुन्छ ।

**कुराकानीको अन्त्यः** कुराकानीको अन्त्यमा उसलाई सान्त्वना पुगेको हुनुपर्छ । उसको दिमागलाई दुःखपूर्ण प्रसङ्ग छाडेर अरू नै विषय सोच्ने अवस्थामा पुऱ्याउनुपर्छ । अवस्थाअनुसार उसँग हात मिलाउन सकिन्छ कि ? उसको समस्याको चाँडै अन्त्य होस् जस्ता कामना गर्न पनि सकिन्छ । धेरै लामो समयसम्म कुराकानी गरेको छ र फोन सेवा पुगेको छ भने कुराकानी गरेको हप्ता दिनपछि उसँग पुनः कुराकानी गर्दा राम्रो हुन्छ ।

# अनुसूची १: दलित सवालमा सक्रिय कानुन व्यवसायीहरू

| नाम | जिल्ला | फोन/मोवाइल | इमेल |
|---|---|---|---|
| अधिवक्ता डा. याम किसान | काठमाडौं | ९८५१०११७२४ | yam_kisan@yahoo.com |
| अधिवक्ता देवेन्द्र शंकर | इलाम | ९८४२६३५८९८ | db_shankar@yahoo.com |
| अधिवक्ता डिबी शाहशंकर | सुनसरी | ९८४२०२५७७९ | devendra@gmail.com |
| अधिवक्ता रमेशप्रसाद हुमागाँई | काभ्रे | ९८४१३००८२५ | rhumagain@yahoo.com |
| अधिवक्ता स्थानेश्वर दवाडी | गोरखा | ९८४६०४२६२२ | sduwadi501@yahoo.com |
| अधिवक्ता अमृतबहादुर नेपाली | तनहुँ | ९८४६०६२५३५ | amritnepali46@gmail.com |
| अधिवक्ता यामबहादुर चर्मकार | बाग्लुङ्ग | ९८५७६२०२३५ | ckyam06@gmail.com |
| अधिवक्ता फणिन्द्र कोईराला | कास्की | ९८५६०२१५९४ | fanindra.koirala@yahoo.com |
| अधिवक्ता ध्रुवराज नन्द | नवलपरासी | ९८४७०३३८६२ | dhurba@gmail.com |
| अधिवक्ता गिरिजाबहादुर सुनार | रूपन्देही | ९८०४४५८३९० | sunarg09@gmail.com |
| अधिवक्ता होमनाथ पाण्डे | कपिलवस्तु | ९८४७०४०७४१ | homnathpanday@gmail.com |

| | | | |
|---|---|---|---|
| अधिवक्ता निलप्रसाद तिवारी | कैलाली | ९८४८४२६०१८ | nilprasadtwari@gmail.com |
| अधिवक्ता श्याम थापा | बर्दिया | ९७४८००३०५६ | shyamthapa@gmail.com |
| अधिवक्ता प्रकाश नेपाल | काठमाडौं | ९८४१३५२३८१ | prakash.advnepal@gmail.com |
| अधिवक्ता दिनमणि पोखरेल | काठमाडौं | ९८५१०७६३४७ | devlaw.associates@gmail.com |
| अधिवक्ता मोहन शाहशंकर | काठमाडौं | ९८५१०९३२०७ | mohanshashsankar@yahoo.com |
| अधिवक्ता श्याम विश्वकर्मा | काठमाडौं | ९८४१३१७९५९ | shyamnyaya@gmail.com |
| अधिवक्ता धर्मिता मिजार | काठमाडौं | ९८४१०९८८७९ | mijardharmita@gmail.com |

# सन्दर्भ सामग्री

आहुति । वि.सं. २०६७ । **नेपालमा वर्णव्यवस्था र वर्गसङ्घर्ष** । काठमाण्डौः समता फाउण्डेसन ।

केन्द्रीय तथ्यांक विभाग । वि.सं. २०६८ । **नेपालकमा गरिवी : जीवनस्तर सर्वेषण, तेस्रो २०६६/०६७ मा आधारित संक्षिप्त प्रतिवेदन**। काठमाडौँ : केन्द्रीय तथ्यांक विभाग ।

श्रेष्ठ, अमल र कैलाशकुमार सिवाकोटी । २०६८ । **मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, मानवअधिकारको विकास र दृष्टिकोण** । काठमाडौं ।

श्रेष्ठ, राजेन्द्र । वि.सं. २०६२ । राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रका आधारहरू । **नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना ।** सं. सिताराम तामाङ, पृ. ९–५६ ।काठमाडौं : सामना प्रकाशन ।

खनाल रेवतीरमण । वि.सं. २०५९ । **नेपालको कानुनी इतिहासको रूपरेखा** । काठमाडौं ।

गुरूङ, हर्क । वि.सं. २०६५ । **बहिष्करणदेखि समावेशीकरणसम्म ।** ललितपुरः सामाजिक समावेशीकरणका लागि अनुसन्धान कोष ।

चर्मकार, रामबहादुर, प्रकाश नेपाली र सञ्चिता महर्जन । वि.सं. २०७२ । **दलित मानवअधिकार रक्षकका लागि मानवअधिकार तथा जातीय भेदभावसम्बन्धी हाते पुस्तिका ।** ललितपुरः समता फाउण्डेसन ।

तामाङ, मुक्त सिंह । वि.सं. २०६९ । **सामाजिक समावेशीकरण र नेपाली अभ्यास** । रूपान्तरण । सं. राजेन्द्र महर्जन र जेबी विश्वकर्मा । पृ. ८१–११२ ।

दाहाल, गीताकुमारी । वि.सं. २०६९ । **जातीय विभेद विरूद्धको अधिकार, विषयगत पुस्तिका** । ललितपुरः राष्ट्रिय मानवअधिकार आयोग ।

न्याय प्रशासनको कार्यमा संलग्न कर्मचारीका लागि मानवअधिकार दिग्दर्शन । वि.सं. २०६० । काठमाडौँः कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) ।

नेपालको संविधान । वि.सं. २०७२ । काठमाडौँ : संसद सचिवालय ।

बास्तोला, केशवप्रसाद, श्यामबाबु काफ्ले र कैलाशकुमार सिवाकोटी । वि.सं. २०७० । **विद्यालय शिक्षकहरूका लागि मानवअधिकार श्रोत-पुस्तिका** । काठमाडौंः राष्ट्रिय मानवअधिकार आयोग ।

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको सँगालो । वि.सं. २०६४ । काठमाडौँः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय ।